## ऊर्जामा जनताको लगानी

काठमाडौं । दश वर्षमा दश हजार मेगावाट बिजुली उत्पादन गर्ने नारा दिएको दश वर्ष पुग्नै लाग्यो होला तर बिजुलीको अवस्था भारतसँग खरिद गर्नुपर्ने रहेको छ । महाकाली सन्धिताका नै केपी ओली लगायतका नेताले बिजुली निर्यात गरेर खर्बौं रुपैयाँ कमाउने सपना जनतामा पस्किएका थिए । भारतले खोला ओगटेर बस्नेबाहेक केही गरेन बरु भुटानबाट सस्तोमा किनेर ल्याएको बिजुली नेपाललाई महँगोमा बेचेर नाफा बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## भारतमा नेपालीलाई भिसा अनिवार्य

काठमाडौं । नेपाल र भारतबीचको सम्बन्धमा सुधार आएको प्रचारबाजी भइरहँदा भारतले नेपाली नागरिकलाई भिसा अनिवार्य गरेको छ । चीन, हङकङ, पाकिस्तान, माल्दिभ्स भएर भारत जाने वा भारत भएर स्वदेश फर्किने नेपाली नागरिकलाई भारतले भिसा अनिवार्य गरेको हो । तेस्रो देशबाट नेपाल आउन वा नेपाल हुँदै भारत फर्किन भारतीय नागरिकले नेपालमा भिसा लिनु पर्दैन । भारतको त्रिवेन्द्रामस्थित अध्यागमन बाँकी ८ पेजमा

वर्ष ७ अंक ४, २०७५ साल वैशाख २८ गते शुक्रबार, नेपाल संवत् ११३८ (May. 11, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# जनकपुरदेखि काठमाडौंसम्म भारतीय सेनाको मार्चपास

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदी नेपालको दुई दिवसीय राजकीय भ्रमणका लागि आज बिहान १०:१५ बजे भारतीय सेनाका तीनवटा हेलिकप्टरका साथ जनकपुर आउँदैछन् । मोदीको स्वागतमा जनकपुर दुलहीझैँ सिंगारिएको छ । मोदी स्वागतको प्रचारप्रसार हेर्दा लाग्छ जनकपुर नेपालको भूभाग होइन, बिहारको विस्तारित भूभाग हो । जताततै मोदी र भारतकै मात्र जयजयकार देखिन्छ । लाग्छ जनकपुरले काठमाडौंसँग सम्बन्धविच्छेद गरेको छ । नेपाल सरकारको उपस्थिति नै झन्डै देखिँदैन त्यहाँ । प्रदेश सरकार नै नेपाल सरकारको भूमिकामा देखिनुले प्रदेश १ नेपालको मानचित्रबाट भाग्न खोजेको प्रतीत हुन्छ । संघीयताको यस्तो कुरुप अभ्यासले संघीयताको आवश्यकता र उपादेयतामाथि गम्भीर प्रश्न उठाएको छ । यसले संघीयता धरापमा पर्ने स्पष्ट संकेत समेत गर्दैछ ।





विवादास्पद सन् १९५० को शान्ति तथा मैत्री सन्धिले नेपालको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रतालाई स्वीकार गरेको छ । तर भारतले नेपालसँग समानताका आधारमा कहिल्यै व्यवहार गर्ने गरेको छैन । भूगोलका आधारमा देश सानो ठूलो हुन्छ तर सार्वभौमिकता र स्वतन्त्रता बराबर हुन्छ । भ्याटिकनसिटी विश्व मानचित्रमा सानो छ तर त्यसको स्वतन्त्रताको कदर अमेरिकाको जत्तिकै गरिन्छ । तर नेपालमाथि भने भारतले आफ्नो संरक्षित भूभागझैँ व्यवहार गर्दै आएको छ । भुटान र नेपाललाई एउटै चश्माले हेरेको छ नयाँ दिल्लीले । भुटानको वैदेशिक मामिला र सुरक्षाको बन्दोबस्त दिल्लीले गर्दै आएको छ । भुटान भारतको सुरक्षाछाताभित्र कैद छ तर नेपालको स्थिति भिन्न छ । इतिहासमा कहिल्यै कसैको पराधीन नभएको नेपाल आजपर्यन्त स्वतन्त्र, स्वाधीन र सार्वभौम छ । तर भारतले आजपर्यन्त यसलाई खुला दिलले स्वीकार्न सकेको छैन । उसले नेपालको आन्तरिक राजनीतिमा २००८ सालदेखि गर्दै आएको हस्तक्षेपलाई अझै कायमै राखेको छ । नेपालको विदेश एवं सुरक्षा नीतिलाई आफ्नो मुठ्ठीमा पार्ने हर्कतहरु गर्दै आएको छ । 'रोटी' 'बेटी' को सम्बन्धका नाममा भारतले नेपालमाथि हैकमवादी कूटनीति अवलम्बन गर्दै आएको छ । मोदीको उल्टो बाटोबाट भइरहेको भ्रमणले पनि त्यसलाई पुष्टि गरेको छ । उनी पहिले काठमाडौं आएर जनकपुर, मुक्तिनाथ जानुपर्नेमा पटनाबाट सिधैं जस्केलाबाट जनकपुर छिर्दैछन् । उनको भ्रमणको तालिका नेपालले होइन, साउथ ब्लकले सार्वजनिक गर्‍यो । मोदीलाई नेपाली सुरक्षाकर्मीको समेत विश्वास छैन । आफैं भारतीय सेनाको प्लटुन लिएर जनकपुर आउँदैछन् । विश्वमै बहादुरीको रुपमा चिनिएको नेपाली सेनाको मानमर्दन गरेका छन् मोदीले । नेपाली आकाशमा भारतीय सेनाको गस्तीले नेपालको सार्वभौमिकताकै दिल्ली उडाइरहेको छ ।

मोदी भ्रमणमा ८६ भारतीय सुरक्षाकर्मी परिचालित छन् । यो त प्रचारमा ल्याइएको संख्या मात्र हो । ४१ ज्ना भारतीय बाँकी ८ पेजमा

## भारतीय वायुसेनाको आकाशमा गस्ती

काठमाडौं । नेपालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राजकीय भ्रमण गर्दैछन् कि भारतले युद्ध पो गरिरहेको छ ? सर्वसाधारण समेतलाई छक्क पार्ने गरी भारतीय वायुसेनाले नेपाली आकाशमा गस्ती गरिरहेको छ । क्षण क्षणमा नेपाली आकाशमा भारतीय वायुसेनाका हेलिकप्टरहरु धिमा गतिमा घुमिरहेका छन् । एकातिर मोदीको सुरक्षार्थ सयौं संख्यामा भारतीय स्थल सेना तैनाथ छन् भने युद्धको झल्को दिने गरी भारतीय वायु सेनाका हेलिकप्टर हरुको गगनभेदी आवाजले नेपाली आकाश थर्किरहेको छ ।

मुक्तिनाथ क्षेत्र चीनको तिब्बतसँग सामिप्य रहेको संवेदनशील क्षेत्र हो । भारतीय वायुसेनाले मोदी भ्रमणका नाममा हिमालयको रेकी गरिरहेको छ । चीनसँग बाँकी ८ पेजमा

## भारतीय अतिक्रमणमा परेका भूभागहरु

काठमाडौं । भूराजनीतिक हिसाबले जटिल भूगोलमाम अवस्थित नेपाल तीनतिरबाट भारतद्वारा घेरिएको छ । नेपाल र भारतबीचको १८८० किमी लामो सिमानाले नेपालको सार्वभौमिकतालाई संकटमा पार्दै आएको छ । नेपालको २६ जिल्लाका खुला सिमानाका नदीनाला र स्थल सीमा स्तम्भहरुले नेपाल भारतलाई छुट्याएको छ । त्यस्ता सिमानाहरु उखेलेर पर सार्ने, सीमा स्तम्भहरु तोड्ने, फोड्ने, भत्काउने, मिच्ने, अतिक्रमण गर्ने, नेपाली भूमिमा भारतीयहरुको बसोबास गराउने अनेक अवाञ्छित कार्यहरु भारतीय पक्षबाट निरन्तर भइरहेका छन् । भारतले एकतर्फी बनाएको नक्साअनुसार भारतीय पक्षबाट ८७ भन्दा बढी स्थानहरुमा अतिक्रमित नेपाली भूभाग सबै भारतकै हुने गरी २०६४ सालमा बाँकी ८ पेजमा

## भारतीय अतिक्रमणको विरोध

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको स्वागतका लागि दौडधुप चलिरहेकै बेलामा संसदमा भारतीयले गरेको अतिक्रमण र थिचोमिचोबारे गम्भीर प्रश्न उठेको छ । सांसद नरबहादुर धामीले कञ्चनपुरको पुनर्वास क्षेत्रमा भएको भारतीय ज्यादतीको विरोध गर्दै यस विषयमा भारतीय प्रधानमन्त्रीसँग छलफल गर्नुपर्ने माग गरेका छन् । कञ्चनपुरको सिमानाको पिलर १९४ देखि १९५ को बीचमा पर्ने दशगजाको सीमा क्षेत्रबाट भारतीय जंगली हात्ती नेपालतर्फ प्रवेश गरी दुःख दिने गरेका थिए । हात्ती आतंक रोक्न पुनर्वासका जनताले घरैपिच्छे रकम संकलन गरी दशगजादेखि तीन सय मिटरभित्र नेपाली भूमिमा विद्युतीय तारबार लगाएका थिए । उक्त विद्युतीय तारबारलाई भारतीय सुरक्षाकर्मीले जबर्जस्ती हटाएका छन् ।

सांसद धामीले संसदमा भारतीयले ताल अतिक्रमण गरेको जानकारी पनि गराएका छन् । आनन्द बजारको प्यारा ताल नेपालको भएको र यसमा २०५८ सालसम्म नेपालले माछाको लागि टेन्डर गर्दै आएकोमा उक्त ताल समेत अहिले भारतले दाबी गरेकाले तालमा विवाद परेको छ । त्यसैगरी भारतीय बोर्डर सुरक्षाफौज जबरर्जस्ती रुपमा स्थानीय नेपाली जनताको घरमा घुसेर आतंकित पार्ने गरेका छन् । यसका अतिरिक्त भारतको रोजगारीबाट फर्किने नागरिकलाई लुट्ने कुटपिट गर्ने क्रियाकलाप भइरहेकाले यसबारेमा भारतीय प्रधानमन्त्रीसँग कुरा उठाउनुपर्ने माग सांसद धामीले गरेका छन् ।

कञ्चनपुरको पुनर्वास क्षेत्रमा भारतीयले गरेको अतिक्रमण र थिचोमिचोले ०७३ फागुन २६ गते उग्र रुप धारण गरेको थियो । नेपालको सीमा रक्षाका लागि आवाज उठाउने गोविन्द गौतम बाँकी ८ पेजमा

## मलाई पो लाज लागिरहेछ

**शिवप्रसाद दहाल**

हो, मलाई पो खपिनसक्नु लाज लाग्यो । सिधासाधा निरक्षर गाउँलेहरु पनि मिडिया, एफएमहरु समेतबाट बहुचर्चित पदावधि सकिएर २२२ दिन बितिसकेका सर्वोच्च अदालतका प्रधानन्यायाधीशले जो पहिलो पदावधि समाप्त भएर दोस्रो पटक निर्विरोध राष्ट्रपति भएकी विद्या भण्डारीले तिनै कुख्यात पाँच पटक जन्म मिति सर्वोच्च अदालतमा पेस गरी न्यायाधीश हुँदै प्रधानन्यायाधीश भएका डेट एक्स्पायर गोपालप्रसाद पराजुलीबाट जो सात महिना १२ दिन भइसकेको थियो । ०७४।११।३०।४ को ४।३० बजे अपरान्ह राष्ट्रपति पदको सपथ ग्रहण गरिन् ।

सायद यी पराजुली एमाले पार्टीको कोटाबाट न्यायाधीश भएका थिए होलान्\, त्यसै हुनाले आफ्नै कामरेडको मुखबाट शपथ ग्रहण गर्न पाउन राम्रो लागेछ राष्ट्रपति र प्रम ओलीलाई ।

माननीय न्यायाधीश सपना मल्ल (भूपू एमाले सांसद) वरिष्ठ अधिवक्ता), मा.न्या.हरिकृष्ण कार्की आदि इत्यादि एमाले कोटाबाट न्यायाधीश भएका हुन् ।

यो नियम एमालेमा मात्र होइन, नेका, राप्रपा, माओवादी, मधिसे पार्टीहरुमा समेत संस्थागत भइसकेको छ । सबै पार्टीहरुले बाँडेर लिने चलन रहेछ ।

यसमा शिक्षा दिक्षा, योग्यता हेरिँदो रहेनछ । खालि आफ्नो पार्टीप्रति प्रतिबद्ध छ कि छैन, चोरी, डकैती, हत्या, अपहरण, बलात्कार, चेलीबेटी बेचबिखन आदि इत्यादि कमाउधन्दाहरुमा रंगे हात पक्राउ भएका वा जुनसुकै काण्डमा पक्राउ परे पनि यस्ता अपराधीहरुलाई निर्दोष हुन हाम्रा पार्टीका देशभक्त कर्णधार हुन् भनी मुद्दामा जिताइरहेका छन् कि छैनन् । त्यस्ता चाहिँ कार्यकर्ता परिष्कृत हुन्छन् । उनीहरुको प्रतिष्ठा भई प्रमोशन हुन्छ । भइरहेको छ । जतिसुकै ठूलो अपराध गरेको भए पनि अदालतमा मुद्दा चलिरहेको भए पनि पैसा धरौटी राखेर पार्टीका नेताहरुले कानुनमा हेरफेर गरेर पनि नेका, एमाले, राप्रपा, माओवादी, भारत सिर्जित मधिसे पार्टीहरुले विविध काण्डे अपराधीहरुलाई अभय दान दिएर संरक्षण गरेर राखेका हुन्छन् । तिनीहरु मस्ट वान्टेड अपराधीलाई पक्रेमा त्यस पुलिसको जागिर जान्छ, त्यसैले पुलिसले त्यस खुँखार अपराधीलाई सलाम ठोक्छ ।

मिलनचक्रे, चरी भनिने दिनेश अधिकारी, ज्वाला सिंह, गोइत, कुमार घैंटे, आदि इत्यादि सयौं अपराधीहरु कुनै पुलिस मेठभेडमा मारिए, कुनै जीवित दुवै देशका सरकारले नै संरक्षण दिएर राखेको छ ।

चरी भनिने कुख्यात तस्कर सम्राटलाई मुठभेडमा पुलिसद्वारा मारिँदा एमाले नेता राजेन्द्र पाण्डेहरुले भविष्यको कर्णधार युवा नेताको हत्या गरियो । शाही घोषणा गरी किरिया खर्च र रु. १० लाख दिई हत्यारा पुलिसलाई कठोर सजाय गर्नुपर्छ भने भन्दा पुलिस मुठभेडमै कुमार घैंटे बाँकी ८ पेजमा

## मालेले सम्झ्यो मार्क्सलाई



काठमाडौं । गत शुक्रबार वैशाख २१ गते नेकपा मालेले एक समारोहबीच २०० औं मार्क्स जयन्ती मनायो । उक्त कार्यक्रमलाई सम्वोधन गर्दै नेकपा मालेका महासचिव सीपी मैनालीले




जुन देशले मार्क्सवादलाई आफ्नो देश सुहाउँदो पारी प्रयोग गर्‍यो त्यहाँ मार्क्सवाद साँच्चै नै सफल रह्यो जुन जुन देशले सकेन, त्यहाँ मार्क्सवाद असफल भयो भन्दै नेपालमा मार्क्सवाद सफल हुन नेपाली मार्क्सवाद नेपाली चिन्तन अनुरुप हुनुपर्ने बताउनुभयो । उहाँले आफ्नो माटो सुहाउँदो गरी मार्क्सवादको प्रयोग गर्न सकेकै कारण चीन, उत्तर कोरिया, क्यूबा र भियतनाममा मार्क्सवाद अजेय रहेको बताउँदै बाँकी ८ पेजमा

## को थिए मार्क्स ? के हो मार्क्सवाद ?

**■ सुस्मिता राणा**

मार्क्सवादका प्रणेता कार्लमार्क्स जन्मेको गत मे ५ मा दुई सय वर्ष पुगेको छ । विश्वभरका उत्पीडित मुक्तिकामी जनताले विभिन्न समारोहको आयोजना गरी मार्क्सलाई सम्झिए । नेपालमा पनि अलग अलग अस्तित्वमा रहेका कम्युनिस्ट घटकहरुले मार्क्स जन्मेको दुई शताब्दी पुगेको अवसरमा मार्क्सवादी विचारलाई व्यापकता दिने प्रण गरे । मार्क्स १८१८ मे ५ मा एक शिक्षित परिवारमा जर्मनीको राइन प्रान्तको ट्रिर सहरमा जन्मिएका थिए । मार्क्स वकिल परिवारका सदस्य थिए । पढालेखा परिवारमा जन्मिएकाले उनी सानैदेखि सौन्दर्यशास्त्र, इतिहास र



कलामा गहिरो रुचि राख्थे । मार्क्सले २३ वर्षको उमेरमै पीएचडी गरेका थिए । मार्क्स जन्मेको कालखण्डमा युरोपको विकसित दार्शनिक पद्धति 'हेगेलवाद' थियो । हेगेलवादमाथि उनले गहिरो चिन्तन, मनन र अध्ययन गरे, जसले उनी आफैंलाई एक दार्शनिक बनाइदियो । मार्क्स एक कविका साथै एक कुशल पत्रकार समेत थिए । जतिबेला उनले अ रथलेस क्रिटिसिज्म टु एभ्रिथिङ एकिजस्टिड लेख पत्रिकामा छपाए जर्मनी सत्तामा भूकम्प गयो । सो लेखमा मार्क्सले जे जे चिज अस्तित्वमा छन्, तिनका विरुद्ध लड्नुपर्छ भने । धर्म र सत्ताका नाममा भइरहेका गतिविधिविरुद्ध लड्नैपर्छ भन्ने लेखको मुख्य सन्देश थियो । मार्क्सले श्रमजीवी जनताका पक्षमा कलम चलाउन थाले । सत्तासँग उनको टकराव सुरु भयो । २५ वर्षकै उमेरमा उनी निर्वासित भएर पेरिस गए । त्यही वर्ष उनले आफूभन्दा चार वर्ष जेठी प्रेमिका जेनीफोन वेस्टफालनसँग विवाह गरे ।

मार्क्सको जीवन सुखमय कहिल्यै रहेन । उनी सर्वहारा वर्गका थिएनन् । यद्यपि पारिवारिक जीवन अत्यन्त कष्टप्रद रह्यो । कयौं रात आलु र पाउरोटी मात्र खाएर पनि उनले गुजार्नु पर्‍यो । गरिबीका कारण उनले रेल्वे स्टेशनमा जागिर खाने समेत विचार गरे । आफ्नो हस्तलिपि नराम्रो भएकाले मैले यो जागिर पाउन सकिनँ । उनले कुगेल्मानलाई लेखेको पत्रमा उल्लेख छ । मार्क्सका सात सन्तान थिए । तीमध्ये चार सन्तान उनले गुमाउनुपर्‍यो । सन् १८५२ मा आफ्ना एक सन्तानको मृत्यु हुँदा उनीसँग कात्रो किन्ने पैसा समेत थिएन भनिन्छ । मार्क्स आफ्नी धर्मपत्नी जेनीप्रति भने सधैं अनुगृहित थिए । संसारमा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# मोदी अभिनन्दनको सार्थकता

अहिले सञ्चार माध्यमहरू मोदीमय बनेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने चर्चासँगै पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन पत्रिका र सामाजिक सञ्जालका भित्ताहरूमा विभिन्न खाले क्रिया प्रतिक्रियाहरू व्यक्त भइरहेका छन् । मोदीको पहिलो पाइला पर्ने ठाउँ जनकपुरमा स्वागतका लागि प्रदेश सरकार मात्र नभएर केन्द्रीय सरकारकै पूरा शक्ति परिचालन भइरहेको छ । दुई नम्बर प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले जनकपुरबासी जनतालाई घरअगाडि कलश सजाएर राख्न निर्देशन दिएका छन् । जतातातै फोहोर देखिने जनकपुर चिटिक्कै पारिएको छ भने सडकका भित्ताहरू समेत मिथिला आर्टले सजाइएका छन् ।

जनकपुर र काठमाडौंमा समेत मोदीलाई नागरिक अभिनन्दन गर्ने तयारी गरिएको छ । मोदीको स्वाागतको तयारी हेर्दा लाग्छ उनी भारतका प्रधानमन्त्री मात्र नभएर नेपाल, नेपालीका भाग्य विधाता नै हुन् । उनीप्रति देखिएको सत्ताधारीहरूको चाहिनेभन्दा बढी भक्तिभाव र गुलामीपनालाई लम्पसारवादको पराकाष्ठका रूपमा समेत चित्रण गर्न थालिएको छ ।

नेपाल भ्रमणका क्रममा मोदीलाई गरिने नागरिक अभिनन्दन विवादमा परेको छ । नागरिक अभिनन्दनका लागि त्यस्ता पात्र मात्र योग्य हुन्छन् जसले नेपाल र नेपालीलाई अविस्मरणीय गुन लगाएको होस् । तर यसका विपरीत मोदी त्यस्ता व्यक्ति हुन् जसले भूकम्पको पीडाले मर्माहत भएका नेपाली जनतालाई नाकाबन्दी लगाएर जनजीवन अस्तव्यस्त बनाउनका साथै नेपालको अर्थतन्त्रमाथि नै गम्भीर प्रहार गरेका थिए । के उनको यही गुन तिर्न हामीले फेरि अभिनन्दन गर्नुपर्ने हो ? मोदीले भ्रमणपूर्व नै नेपाली जनतासँग माफी माग्नुपर्ने हो । नेपाली जनता मोदीका दुश्मन होइनन् । उनको विगतको नेपाल भ्रमणका समयमा सडकमा हजारौं जनताले ताली बजाएर स्वागत गरेका थिए । नेपाली जनताले उनीप्रति गरेको सम्मान देखेर उनी चकित परेका थिए भने उत्साही हुँदै सवारी रोकेर जनतासँग सडकमा ओर्लिएर हात मिलाएका थिए ।

नेपाली जनताले व्यक्त गरेको सम्मानको भारी उनले बोक्न सकेनन् । नेपालीमा एउटा प्रचलित उखान छ– 'गुनले गुन खान्छ तँलाई म खान्छु' भन्ने मोदीले नेपाल र नेपालीलाई नाकाबन्दीा लगाएर यही उखान चरितार्थ पारे ।

नाकाबन्दीको समयमा प्रधानमन्त्री केपी ओलीले प्रदर्शन गरेको गर्विलो व्यवहारका कारण केपी रातारात हिरो बन्न पुगे भने जनताले उनको गुनको निर्वाचनमा पनि राम्रै स्मरण गरे । जनताले तिरेको गुनकै कारण केपी फेरि प्रधानमन्त्रीको गरिमामय पदमा पुग्न सके । अहिले दुवैतर्फका मुख्य पात्र उही भए पनि प्रवृत्ति फरक परेको छ । निर्वाचनमा आफू समर्थित गुट परास्त भएसँगै मोदीले केपीमाथि फेरि मोहनी मन्त्रले हान्न थाले । प्रत्यक्ष टेलिफोन संवादमा बधाई दिएका मोदीले बधाई सन्देश बोकाएर विदेशमन्त्री स्वराजलाई पठाए भने तत्काल भारत भ्रमणको निमन्त्रणा दिए । भारतमा केपीलाई भव्य स्वागत मात्र गरिएन विश्वविद्यालयबाट पीएचडीको उपाधिसमेत दिएर पठाइयो । डा. केपी अहिले मोदीको गुन तिर्न व्यस्त छन् । राष्ट्र र जनतालाई फाइदा पुग्ने गुन मोदीले नलगाए पनि केपीलाई व्यक्तिगत रूपमा फाइदै भएको छ ।

मोदीले वास्तविक अभिनन्दनको पात्र बन्न नेपाल, नेपालीसँग माफी माग्नैपर्छ । त्यसैगरी सीमा अतिक्रमण बन्द गर्नुपर्छ । नेपालका कृषि उपजमाथि एकपछि अर्को गर्दै लगाइने अवरोध हटाउनुपर्छ । नेपाललाई डुबान पार्ने गरी बनाएका बाँध भत्काउनुपर्छ । कालापानीदेखि भारतीय सेना हटाउनुपर्छ । नेपाली ग्यास बुलेटमाथिको अवरोध हटाउनुपर्छ । सन् १९५० को असमान सन्धि खारेज गरिनुपर्छ । नेपालको जलस्रोत र प्राकृतिक सम्पदामाथिको गिद्देदृष्टि हटाइनुपर्छ । त्यसो गर्न सकेमा मोदीलाई अभिनन्दन गर्न नेपाली जनता हृदयदेखि नै तयार रहनेछन् । अन्यथा पैसा खर्च गरेर गरिने अभिनन्दनको नाटक मञ्चनले मात्र नेपाल भारतबीचको असमानताको खाडल पुर्न सक्दैन ।

# महेन्द्र पथकै लाइनमा एमाले-माके



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

नेपाली कांग्रेसहरु अहिले पनि नेपालका बामपन्थीहरुलाई राजा महेन्द्रको उत्पादन भन्न रुचाउँछन् । हुन पनि केशरजंग रायमाझी, डीपी अधिकारी अनि कमलराज रेग्मीहरु पंचायतमा प्रवेश नगरेका होइनन् । तर त्यसो भनिरहँदा कांग्रेसका महामन्त्री तुलसी गिरी, अनि पछि गएर परशुनारायण चौधरी, अर्जुन नरसिंहहरु किन पंच भए त भन्ने जवाफ कांग्रेसभित्र पनि छैन र २०४६ को आन्दोलन छाडेर झण्डै गिरिजा पनि पंचायत प्रवेश लागिसकेकै थिए भनेर कांग्रेसी आफैं भन्छन् । तर त्यसो होइन राजा महेन्द्र दुई मुकुण्डोधारी राष्ट्रवादी थिए ।

### पहिलो मुकुण्डो राष्ट्रवादको

जब राजा महेन्द्रले २०१७ सालमा कू गरी २०१९ सालमा आफैंले संविधान बनाइ पंचायत व्यवस्था लागू गरे त्यतिखेर उनले आफूलाई राष्ट्रवादी ठहराउँदै भारतविरुद्ध चाइना कार्ड खेलेर पहिलो जित हासिल गरेका थिए । सन् १९६२ मा भारत चीन युद्धको फाइदा उठाइ उनले चिनिया उपप्रधानमन्त्री चेन यीलाई तिब्बत बोलाई भारतीय हस्तक्षेप विरुद्ध त्यहाँबाट बोल्न लगाए । चेन यीले भारतले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरे वा युद्ध गरे त्यो चीनमाथिको हस्तक्षेप ठानिने छ भनेर बोलेपछि नेहरु ल्याक लुरुक भए । कतै नेपाल हुँदै चिनिया फौज भारत पस्यो भने तीन दिनमै दिल्ली कब्जा गर्ला भन्ने डरले नेहरुले तुरुन्तै पंचायत व्यवस्था मानी भारतलाई आधारभूमि बनाइ पंचायत विरोधी राजनीति गरिरेहको नेपाली कांग्रेसको गतिविधिमा रोक लगाइदिए । झन् त्यसमाथि कोदारी राजमार्ग खोली चीनसँग सिधा स्थल यातायात सम्पर्क बनाएपछि त के चाहियो महेन्द्रको राष्ट्रवाद निकै कामयावी देखियो । नेहरु र लालबहादुर शास्त्रीको शासन रहुञ्जेल महेन्द्र युग निकै मौलायो । उनले नेपालको उत्तरी चेकपोष्टमा रहेको भारतीय सुरक्षा चौकी पनि हटाउन लगाए । उनको राष्ट्रवादी अनुहार र व्यवहार मुकुण्डोधारी होला भनेर राष्ट्रभित्र र बाहिर कसैले पनि सोचेका थिएनन् ।

### दोस्रो मुकुण्डो लम्पसारवादको

भारतमा नेहरुकी छोरी इन्दिरा गान्धी जब प्रधानमन्त्री बनिन् उनले चीनसँगको युद्धको कारण खस्किएको भारतको अनुहारलाई चहकिलो बनाउन तत्कालिन सोभियत संघसँग सैनिक सम्झौता गरिन् तब राजा महेन्द्र डराए । कतै त्यही सन्धीको आधारमा नेपालसँग पनि भारतले १९६२ को कुटनीतिक हारको बदला लेला र आफ्नो निरंकुश शासनको अन्त्य गर्ला भन्ने चिसो उनको मनमा पस्यो । झन् जनकपुरमा उनी चढेको गाडीमा कांग्रेसहरुले बम हानेपछि यिनले कुलशेखर शर्मालाई सुटुक्क भारत पठाएर सन् १९६५ मा भारतसँग सैनिक सम्झौता गरे । यसअनुरुप स्वतन्त्र नेपालले सैनिक हातहतियार, सैनिकको लागि लुगाफाटा किन्दा समेत भारतबाटै किन्नुपर्ने, तेस्रो देशबाट किन्न परे भारतको स्वीकृति लिई भारत भएर भारतलाई देखाएर मात्र ल्याउन पाउने व्यवस्था गरेपछि महेन्द्रको राष्ट्रवादी मुकुण्डो उदांग भयो । नेपालको सेनामाथि आफ्नो प्रभुत्व स्थापित भएपछि भारतले निरन्तर राजाको निरंकूशता र पंचायत व्यवस्थालाई आँखा चिम्लेर समर्थन दिँदा पंचायत राम्रै टिक्यो । राजा महेन्द्रको लम्पसारवाद कसैले थाहा पाएन त्यतिबेला ।

### राजा वीरेन्द्रको राष्ट्रवाद

सोभियत संघसँगको सैनिक सम्झौताको आडमा भारतले सन् १९७० को दशकको शुरुमै पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाउन र सिक्किमलाई भारतमा विलय गर्न सफल भयो । त्यही नै बेला नेपाली कांग्रेसले नेपाली विमान अपहरण गरी भारत लगी विमानमा भएको ३० लाख भारु लुटन सफल भयो । विमान अपहरणकर्तालाई समाइ कारबाही गर्न भारत तत्पर भएन भने भारतीय सैनिक दिनदहाडै नेपाल पसी नेपाली गाउँ हरिहरपुर लुटे । त्यही समयमा नै महेन्द्रको मृत्यु भई वीरेन्द्र राजा बनेका थिए । भारतसँगको गोप्य सैनिक सम्झौता थाहा नपाएका राजा वीरेन्द्रले बंगलादेशको उत्पत्ति र सिक्किमको भारतमा विलय भएको र चीनले केही पनि गर्न नसकेको देखि नेपालको समेत स्वतन्त्रता खतरामा परेको महसुस गर्दै आफ्नो राज्याभिषेकको अवसर पारी नेपाललाई शान्ति क्षेत्र घोषणा गर्ने विश्वसमक्ष प्रस्ताव राखे जसको फलस्वरुप भारत उनीसँग नराम्ररी चिढियो । नेपाल दरबारको भारतसँगको सम्बन्ध चिसिएकै कारण भारतले नेपाली राजनीतिक दललाई राजाको शासन विरुद्धमा उचाल्यो तर राजाले जनताको पक्ष लिई २०३६ सालमा जनमत संग्रह, २०४६ सालमा चीनसँग हतियार खरिद गरेपछि भारतले महेन्द्रसँग भएको गोप्य सैनिक सम्झौता खुलासा गर्दै पंचायत ढाल्ने रणनीति अख्तियार गऱ्यो र नेपालमाथि आर्थिक नाकाबन्दी लगायो । वीरेन्द्र र उनका प्रधानमन्त्री मरिचमानले डटेरै नाकाबन्दीको सामना गरे तापनि स्थिति सहज नभएपछि भारतसँग घुँडा टेक्नुभन्दा जनताको पक्षमा निर्णय गर्नु उचित ठानी राजा वीरेन्द्रले पंचायत ढाली बहुदलको घोषणा गरे । यसको साथै भारतसँगको गोप्य सन्धिको खुलासा भई राजा महेन्द्रको लम्पसारवादको पनि भण्डाफोर भयो । आफ्नो सक्रिय समर्थन र सहयोगमा नेपालमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि भारतले नेपालमा रहेका १ करोड आप्रवाशी भारतीयहरुलाई नेपाली नागरिकता दिन तत्कालिन सरकारलाई दबाब दिन थाल्यो । भारतका अगाडि नतमस्तक भएका तत्कालीन कांग्रेस र एमालेका सरकारहरुले सदनमा बारम्बार नागरिकता विधेयक पेस गरे तर राजा वीरेन्द्रले सो विधेयकलाई रायको लागि भन्दै सर्वोच्च अदालत पठाइ दिँदा भारतको नेपाललाई वैधानिक रुपबाटै सिक्किम बनाउने स्वार्थ पूर्ति हुने छाँट देखेन । अर्कोतिर भारतका तत्कालिन प्रधानमन्त्री राजिवको तामिलबाट हत्या भएपछि त्यसमा रानी ऐश्वर्यको हात रहेको भारतीय छापाहरुले लेख्न थाले । दिल्ली र नेपाल दरबारबीच खुला बैमनस्य बढ्यो । नेपालको राजतन्त्रलाई खतम नगरी नेपाललाई सिक्किम बनाउन नपाउने देखेपछि भारतले एकातर्फ माओवादीलाई उचाली जनयुद्ध शुरु गर्न लगायो भने अर्कोतर्फ वीरेन्द्रको वंश विनाश गर्ने नयाँ डिजाइन तयार गरी त्यसको कार्यान्वयन गर्न थाल्यो जुन कालान्तरमा सफल पनि भयो । वीरेन्द्रको वंश विनाशपछि ज्ञानेन्द्र राजा बने । भारतले जसोजसो भन्यो त्यसै त्यसै गर्छ होला भन्ने सोच विपरीत ज्ञानेन्द्रले पनि दाजुकै बाटो अनुशरण गरी नागरिकता विधेयकलाई लत्याइ दिएपछि नेपालका झण्डै सबै राजनीतिक दलहरुलाई दिल्ली बोलाइ दोस्रो दिल्ली सम्झौता गराउन भारत सफल हुँदा नेपालबाट राजतन्त्र बढारियो र १ करोडमध्ये ६३ लाख भारतीयहरुले नेपाली नागरिकता पाए ।


**नेपाल दरबारको भारतसँगको सम्बन्ध चिसिएकै कारण भारतले नेपाली राजनीतिक दललाई राजाको शासन विरूद्धमा उचाल्यो तर राजाले जनताको पक्ष लिई २०३६ सालमा जनमत संग्रह, २०४६ सालमा चीनसँग हतियार खरिद गरेपछि भारतले महेन्द्रसँग भएको गोप्य सैनिक सम्झौता खुलासा गर्दै पंचायत ढाल्ने रणनीति अख्तियार गऱ्यो र नेपालमाथि आर्थिक नाकाबन्दी लगायो ।**

### ओलीको राष्ट्रवाद

६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता दिलाएपछि अब एक मधेसलाई एक प्रदेश अनि जनसंख्याको आधारमा चुनाव क्षेत्र बनाउनपर्ने नयाँ रणनीति भारतले अख्तियार गऱ्यो र नेपालको संसदको प्रचण्ड बहुमतले अनुमोदन गरेको संविधानलाई भारतले मान्न अस्विकार गरी संविधान संसोधनको दबावस्वरुप पुनः नेपालमाथि आर्थिक नाकावन्दी थोपऱ्यो । हिजो निरंकुश राजतन्त्र फाल्न भारतले नाकाबन्दी गर्दा नेपाली जनता र विश्व त्यसको पक्षमा थियो भने नेपालको विखण्डनको कुत्सित उद्देश्य राखी गरिएको नाकाबन्दीलाई न नेपाली जनता न विश्वले कसैले पनि स्वीकार नगरेपछि भारत आफैं नांगियो र नाकाबन्दी फिर्ता लिन बाध्य भयो । यद्यपि उसले केपी सरकारलाई ढालेरै छाड्यो । नयाँ बनेको माओवादी कांग्रेस संयुक्त सरकारले भारतले इच्छा गरे बमोजिमको संविधान संसोधन प्रस्ताव संसदमा पेश गऱ्यो तर दुई तिहाई बहुमत नपुग्दा अनुमोदन हुन सकेन । एकातर्फ नाकावन्दीको डटेर सामना गरेको र अर्कोतर्फ संसोधन असफल गराएको कारण राष्ट्रवादी ठहरिएको एमाले र केपीलाई नेपाली जनताले चुनावमा बहुमत दिने देखेर भारतीय गुप्तचरको इसारामा माओवादीहरु एकाएक एमालेसँग मिलेर चुनाव लड्ने र परेमा दल नै एकिकरण गर्ने भनी जनताको अगाडि जाँदा नेपाली जनताले माके एमालेलाई राष्ट्रवादी ठानेर बहुमत दिएको अहिलेको अवस्था हो ।

एकपटक सत्ताबाट हात धुनु परेपछि केपीले पनि भारतको सहयोगविना नेपालको शासन टिक्न गाहारो हुन्छ भनेर राजा महेन्द्रले जस्तै भारतसँग गोप्य सम्बन्ध कायम गर्ने रणनीति अख्तियार गरेको यिनको र मोदीको हालको ब्यवहारले देखाएको छ । चीनमा भएको महत्वपूर्ण बोआओ फोरममा भाग नलिई कम महत्वको विना एजेण्डाको भारत भ्रमण गर्नु, भ्रमणलाई भारतले चाहिनेभन्दा बढी महत्व दिनु, आठ क्लासे ओलीलाई डक्टरेट भिडाउनु, कोसी उच्च बाँधको कुरा नगरी मोदीले समुद्रलाई हिमालसँग जोडी नेपाललाई भूपरिवेष्ठितबाट मुक्त गर्ने कुरा गर्नु अनि त्यही नयाँ ललिपपमा रमाउनुले ओलीको राष्ट्रवाद पनि राजा महेन्द्रको राष्ट्रवाद जस्तै राष्ट्रघाती प्रमाणित भएको छ । राजा महेन्द्रले त सन् १९६५ को सन्धी गरी पंचायत जोगाउन नेपालको स्थानलाई भुटानको बराबरी बनाएका रहेछन् त्यही कुरालाई प्रचण्डले प्रधानमन्त्री भई भारत जाँदा अन्तर्राष्ट्रिय मामलामा नेपाल र भारतको समान दृष्टिकोण रहने भन्दै संयुक्त विज्ञप्ति जारी गरी अनुमोदन गरेकै हुन् भने अनि त्यस्तो माकेसँग एकता गर्ने एमाले कसरी सच्चा राष्ट्रवादी हुन सक्छ ? झन् त्यसमाथि मोदीको आसन्न नेपाल भ्रमणलाई एमाले-माके सरकारले जुन महत्व दिइरहेको छ यस्ले के यो नेपाली जनतालाई महेन्द्र राष्ट्रवाद थोपरी भेडा बनाउन खोजेको त होइन भन्ने प्रश्न राष्ट्रवादी नेपाली जनमानसमा उठिसकेको छ । यस परिप्रेक्ष्यमा ओली-प्रचण्डको राष्ट्रवाद महेन्द्र पथ अनुशरण गर्दै अगाडि बढेको अवस्थामा सच्चा नेपाली राष्ट्रवाद ओझेल बन्दै गएर नेपाल क्रमशः भुटान अनि सिक्किमको नियतिमा नपुग्ला भन्न सकिन्न ।

# आफैंतिर फर्केर हेर्दा (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

आफ्नो बन्धु पनि आफ्नै मन रहेछ । शत्रु पनि यही मन रहेछ । यसो भए पनि आफूले आफैंलाई जितेर काम गर्नुपर्नेमा सकिएनछ । जीवनको सबैभन्दा महत्वपूर्ण कर्तव्य परमात्मा केन्द्रित जीवन नै हो । २०७४ जेठ १९ को प्रथम प्रकाशित यही स्तम्भ लेखमा त्यो पनि नसकेको स्वीकार गरेकै छु । त्यहाँ केवल श्रद्धा मात्र प्रकट भएछ । स्वदेश प्रेममा आप्लावित हुन पशुपतिनाथको कृपा भएछ । यसैले त विशाल नेपाल र ग्रेटर नेपाल एउटै हो भनिएछ । हाम्रा गाउँ र शहर एउटै हुन् । गाउँहरुबाटै शहर विकशित हुने रहेछ । मान्छे चाकरीले होइन आफ्नै कामले मात्र ठूलो हुने रहेछ ।

गाई पालेर जीवनवृति चलाउनेहरुले चरनको लागि ठाउँठाउँमा लाने सिलसिलामा फर्पिङ, पालुङभन्दा उत्तर पशुपतिक्षेत्रको चरनतिर लैजानु स्वभाविकै हो । एउटी गाई लुकी लुकी पशुपति भएको ठाउँमा आफ्नै दुधधारा चढाउँदी रहिछन् । गोठालाले पत्ता पाई खोजी गर्दा पशुपतिको दर्शन पाए । अहिले पनि फर्पिङ, दक्षिण टिष्टुंग पालुङतिर गोपाली नेवार प्रसस्तै छन् । यिनीहरु गाई पाल्ने नै हुन् । गोपाली, राजभण्डारी, राजोपाध्याय र थापाले अहिले नेवारी भाषा बोले पनि पुराना खस आर्य नै हुन् । किनभने नेवारी भाषा चौथौं शताब्दितिरको र वर्तमान नेपाली भाषा पाचौं छैठौं शातब्दिको हो भनी विद्वानहरुले भनेकै छन् । यी सबै काँठे नै हुन् । काँठ र शहर कसरी फरक भयो र ? गोरखपुर, हाजीपुर, सारन क्षेत्र गंगा उत्तर पाल्पा नै हो । २०७५ वैशाख २० गतेको अन्नपूर्ण दैनिकको १६औं वार्षिकोत्सवमा लेखक श्यामलले बहुरुपी शहरियालाई किन काँठे देख्नुभयो ? काँठबाटै शहरको विकास हुने हो म पनि काँठे नै हुँ । विश्वभरका शहरहरु पहिले काँठ नै हुन् । रौतहटको यो पौराही ब्रम्हस्थान पनि काँठ नभए के त ? जनकपुर पनि रेलबाट टाढा छैन । अब त बहुरुपी काठमाडौं पनि डेढ दुई घण्टामा पुगिएला जस्तो छ । श्री ३ पद्मशम्शेरले शुरु गरेको मधेस जाने बाटो अब पूरा हुँदैछ ।

पितामहको झापा पुनर्वाश प्रमुख हुँदा ५२ वर्षमा स्वर्गवास उतै भएछ । पिताजी ३५ वर्षमा नै मोरङ कौवाखोच भन्सारमा जागिर खाँदा १९९९ वि.सं.मा दुई ज्यानमाराको हातमा परी मर्नु भएछ । ती दुवैले नौ विघा जग्गा चार हल गोरु बेचेर भाग्दाभाग्दै मामाले भेट्टाई सानो कागज गराउन भ्याउनु भएछ । तिनीहरु कलकत्ता भाग्न सफल भए ।


उता यसै शीर्षकको दोस्रो भागमा २०७४ असोज २७ गते तथा लगत्तै कार्तिक १० गते तेस्रो भागमा छापिएझैँ पूर्वराजा ज्ञानेन्द्रले नेता तिमी भई बस भनिएझैँ बसिदिए हुन्थ्यो । पशुपति शम्शेर राप्रपाका नेताले पनि आफ्नै पिताजी विजय शम्शेरलाई सहिद भनिदिए हुन्थ्योझैँ लाग्ने नै भयो । उनैका पितामह मोहनशम्शेर भारतमा गई नबसिदिएको भए अझै राम्रो हुने थियो । त्यतिमात्रै होइन अहिले भारतीय नेपाली हौं भनी रहनेहरुले सक्दोचाँडो आफूले मागेको १०० वर्षभन्दा पहिलेको गोर्खालैण्डलाई यसअघि बारम्बार लेखिएझैँ गोरक्षा र गोर्खालैण्ड रुपमा टिस्टा काँगडा दिनेले दिने र लिनेले पनि लिएर आफ्नै क्षेत्रमा गोरक्षा र गोर्खालैण्ड नेपाल नामकरण गरी यो जीवन रहँदैमा भारत र नेपाल दुबैको मेल भइदिए हुन्थ्यो भन्ने लागिरहेछ । भारतीय प्रवुद्धहरु महेन्द्र पी लामा, भुवनचन्द्र उप्रेती, भगतसिंह कोसियार तथा जयन्त प्रसादजीहरुले विचार पुऱ्याइदिनु भए नेपाल तथा भारत दुबैको मेल, हित र दृढ सौहाद्र पनि हुने थियो । अस्तु ।


# मैले देखेको पैंतालीसौं विश्व सम्पदा :
# लण्डनको हेम्पटन कोर्ट दरबार र बगैंचा

सुरेन्द्र ढकाल


हेम्पटन कोर्ट दरबारको अगाडिको मोहडा


माथिबाट हेर्दा दरबार र बगैंचा यस्तो देखिन्छ


दरबारको कलापूर्ण रातो ईंटाले बनाएको चिम्नी


दरबारभित्रको कलापूर्ण सिसाका झ्याल


दरबारभित्रको मनोरम बगैंचा


दरबारभित्रको कार्टुन ग्यालरी


दरबारभित्र रहेको ज्योतिषीया घडीसहितको घन्टाघर


दरबारभित्र रहेको रानी मेरीको शयन कक्ष


बगैंचामा रहेका जनावरका मूर्तिहरू


दरबारको बगैंचामा सुरेन्द्र सन् १९८९ मा

बकिंगघम दरबार, दरबारसँगैको बगैंचा र भिक्टोरिया मेमोरियल हेर्दाहेर्दै समय बितेको पत्तै भएन । बेलुकीको ५ बजिसकेको थियो । हामी विस्तारै हाम्रो क्याम्पिङ साइटतिर लाग्यौं । भोलिपल्ट बिहान १० बजेतिर हल्का नास्ता लिएर हामी लण्डनको हेम्पटन कोर्ट दरबार र त्यसको बगैंचा हेर्नतर्फ लाग्यौं ।

**हेम्पटन कोर्ट**

यो हेम्पटन कोर्ट पनि कुनै बेलाको शाही दरबार रहेछ र लण्डनबाट ११ माइल टाढा दक्षिण पश्चिममा अवस्थित रहेछ । थेम्स नदीको किनारमा बनेको यो दरबारको निर्माण कार्य सन् १५१५ मा कार्डिनल थोमास वोल्सेले शुरू गराउन लगाएको रहेछ । पछि सन् १५२९ राजा हेनरी आठौंले यो दरबारलाई आफ्नो निजी स्वामित्वमा लिएका रहेछन् । पछि १७ औं शताब्दिमा राजा विलियम तेस्रोले यसलाई पेरिसको भर्साइ दरबार जस्तै बनाउने उद्देश्यले यस दरबारलाई विस्तार गरेका रहेछन् । एकै दरबारमा दुई टुडोर र वारोक वास्तु शैली प्रयोग गरी बनाएको हुँदा यो दरबार विश्वमा नै अनुपम मानिदो रहेछ । गोथिक वारोक शैलीकै लागि भनेर इटालियन वास्तुकर्मीहरूलाई बेलायत पुऱ्याइएको रहेछ जस्को नेतृत्व जोभानी दा माइआनोले गरेका रहेछन् । यो दरबार र बगैंचा बेलायतको मुख्य पर्यटक केन्द्रहरूमध्ये एक भएको रहेछ । यहाँ राजघरानाले संग्रह गरेका ५४२ वटा कलाकृतिलाई राम्ररी प्रदर्शनमा राखिएको रहेछ । यहाँ एक पुरानो तर चालु अवस्थामा रहेको ज्योतिषीय घन्टाघर पनि रहेछ । यसले महिना, ऋतु, वर्ष, मिति लगायत लण्डनको पुलको कति माथिसम्म थेम्स नदीको पानी बढेको छ भनेर समेत देखाउँदो रहेछ । यस दरबारमा राजा रानीको शयनकक्षको अतिरिक्त शाही पाहुनाको लागि भनेर पनि कक्षहरू छुट्टाइएको रहेछ । यस दरबारको सुन्दर वस्तुमा रातो इँटले कलात्मक पाराले बनाएको धुँवा जाने चिम्नी पनि पर्दो रहेछ । स्टुआर्ट वंशको समयमा पनि यहाँ राजदरबार कायमै रहेको रहेछ र राजा जेम्स प्रथमले सन् १६०४ तिर यही दरबारमा प्युरिटनका प्रतिनिधिहरूलाई भेट दिएका रहेछन जसलाई बेलायतको इतिहासमा हेम्पटन कोर्ट सम्मेलन भनिदो रहेछ । विलियम तेस्रो र मेरी दोस्रोको शासनकालमा यस दरबारलाई पूर्णरूपमा जिर्णोद्धार गरी नयाँ जस्तै बनाइएको रहेछ । यो दरबारमा बस्ने अन्तिम बेलायती राजा जर्ज दोस्रो रहेछन् । जर्ज दोस्रोले यो दरबार छाडेपछि त्यसपछिका कोही राजा वा रानीले त्यस दरबार पाइला टेकेका रहेनछन् । पछि १७९६ मा गएर यस दरबारको ठूलो हल जिर्णोद्धार गर्न शुरू गरिएको रहेछ जुन कार्य ४२ वर्षपछि गएर सन् १८३८ मा रानी भिक्टोरियाको शासन कालमा मात्रै सम्पन्न भएको रहेछ र त्यसपछि मात्र यो दरबारमा सर्वसाधारण जनता र पर्यटकहरूको लागि खुला गरिएको रहेछ । यस दरबार अवलोकन गर्ने पर्यटकहरूको संख्या वार्षिक एक करोडको हाराहारीमा हुने र उनीहरूले विशेष गरी दरबारको कार्टुन ग्यालेरी, रानी मेरीको शयनकक्ष र कलापूर्ण सिसाका झ्यालहरू बढी रूचाउँदा रहेछन् ।

**हेम्पटनकोर्ट बगैंचा**

दरबारबाहेक यहाँ एक ठूलो बगैंचा जसभित्र टेनिस कोर्ट र विश्वकै ठूलो अंगुरको खेती पनि रहेछ । यो बगैंचा सन् १७०० मा बनाइएको रहेछ र पछि १७६९ मा अंगुरको बगैंचा थपिएको रहेछ । हरेक वर्ष अंगुर टिप्ने गरिदो रहेछ । यही बगैंचामा राजारानीले आयोजना गर्ने रात्रिभोज हल (बैंकेट) पनि रहेछ र उनीहरूले पालेका जनावरहरूको मूर्ति पनि राखिएको रहेछ । यो बगैंचा भन्ने बित्तिकै बेलायती जनताले राजा हेनरी आठौंलाई सम्झिदा रहेछन् । उनैले बनाएको यो बगैंचालाई पूर्णरूपमा विकास गर्ने कार्य राजा विलियम तेस्रो र रानी मेरी दोस्रोले गरेका रहेछन । रानी मेरी दुर्लभ बिरूवा वनस्पती भनेपछि हुरूक्कै हुने हुँदा विश्वका विभिन्न देशहरूबाट फूल विरूवा ल्याई यसै बगैंचाभित्र ९८ वटा नर्सरी स्थापना गरी फूल विरूवा हुर्काउने गर्ने गरेकी रहेछिन् । यसैकारणले गर्दा पनि यो बगैंचा विश्व वनस्पती उद्यान नै बन्न पुगेको रहेछ । यहाँ ६० एकड जमिनमा फूल बिरूवा मात्रै र ७५० एकड जमिन वनस्पती र पोखरीले ढाकेको रहेछ ।

**राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरुले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरुलाई सुसूचित गराऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# विद्यालय भर्ना अभियान किन ?

**रामसुकुल मण्डल**

२१औं शताब्दीको आधुनिक युगमा शिक्षाको महत्वबारे कोही पनि अनभिज्ञ नहुनु पर्ने हो । अन्धकारमा रहेकालाई उज्यालोमा ल्याउने एउटा माध्यम, मानिसका आफ्ना आन्तरिक गुणलाई बाहिर प्रकट गरी आफ्नो बानी बनाउने प्रकिया, देशमा सकारात्मक परिवर्तन ल्याई नकारात्मक परम्परा हटाउन गरिने प्रक्रिया र मानिसमा भएको क्षमताको विकास गरी सक्षम व्यक्ति बनाउने प्रक्रियालाई नै शिक्षा भनिन्छ भन्ने आम परिभाषा हो । शिक्षा औपचारिक वा अनौपचारिक रूपबाट प्राप्त गर्न सकिन्छ । औपचरिक शिक्षा विद्यालय वा महाविद्यालयबाट लिइन्छ भने अनौपचारिक शिक्षा जीवनयापनका क्रममा व्यवहार र अनुभवबाट हासिल गरिन्छ ।

### भर्ना अभियान के हो ?

नयाँ शैक्षिक सत्रका लागि बाल कक्षादेखि १० सम्म भर्ना अभियान सुरू भएको छ । अभियानमा सबै शिक्षा कार्यालय, विद्यालय तहका शिक्षक र विद्यालय व्यवस्थापन समिति जुटेका छन् । उमेरका हिसाबले ५ वर्षभन्दा माथिका बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ । संविधान, ऐनकानुनले ‘ आधारभूत तह (कक्षा ८ सम्म) अनिवार्य शिक्षा’ हुने किटान गरेकाले पहिले भन्दा प्रभावकारी ढंगले अभियान सुरू भएको बताइएको छ । शिक्षा विभागले अभियानको यस वर्षको नारा ‘हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधार भूत शिक्षा’ तय गरेको छ । विद्यार्थी भर्ना, विद्यार्थी स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धीमा सुधारको लक्ष्य राखिएको छ । बैशाख २ गतेबाट नयाँ सत्र सुरू भएको छ । शैक्षिक तथ्यांक २०७३ अनुसार प्राथमिक तहमा ५ देखि ९ वर्ष उमेर समूहका विद्यार्थीको खुद भर्ना दर राष्ट्रिय औसत ९६ दशमलब ९ प्रतिशत छ । सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन अभियान चलाइएको हो ।

विद्यालयले विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक दिएर स्वागत गरिरहेको छ । सरकारले कक्षा १० सम्म सबै विद्यार्थीलाई पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउँदै आएको छ । त्यसैगरी लक्षित समूहले छात्रवृत्तिसमेत पाउँदछन् । छात्रा, दलित, अपाङ्गता भएका, लक्षित वर्ग लोपोन्मुख तथा अल्पसंख्यक जनजातिलाई छात्रवृत्ति व्यवस्था छ । विद्यालय तह कक्षा १० सम्मका निम्ति चालू आर्थिक वर्षका निम्ति १६ अर्ब रूपैयाँ बजेट रहेको शिक्षा मन्त्रालयले जनाएको छ ।

### भर्ना अभियानको प्रभावकारिता

भर्ना अभियानको नारा लिएर वर्तमान सरकारले सञ्चालन गरेको यो अभियानको प्रभावकारिता कति हुने भन्ने विषय महत्वपूर्ण हो । भर्ना अभियानको आवश्यकता किन पर्‍यो, किन सरकारको तर्फबाट यस्तो अभियानको थालनी गर्नु पर्‍यो, सामुदायिक विद्यालयको पढाई, विद्यालयको वातावरण, विपन्न वर्गले कसरी आफ्ना बालबालिकालाई विद्यालय भर्ना गराउन प्रेरित हुने, विद्यालयको भौतिक पूर्वाधार कस्तो छ, ठूलाबडाका छोराछोरीहरू निजी विद्यालयमा किन जान्छन्, सामूदायिक र निजी विद्यालयमा हुने पढाइमा किन अन्तर छ लगायतका विषयमा सरकारले पहिला ध्यान दिनुपर्ने हुन्छ ।

नेपालबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको यस अभियानले केवल अभियानका रूपमा मात्र कार्यक्रम सञ्चालन गरेर कार्यान्वयनमा फितलोपना ल्याउने नेपाल सरकारको विगतको

प्रवृत्तिलाई नियाल्ने हो भने कार्यान्वयन पक्षको जटिलताका कारण यसले सार्थकता पाउनेमा पूर्णतः विश्वस्त हुनसक्ने वातावरण निर्माण हुनसकेको छैन । तथापि यसको प्रभाव शून्य भएको भने होइन । निराशाजनक अवस्थाबाट गुज्रिरहेको नेपालको साक्षरता दरलाई केही मलजल गर्न यस अभियानको भूमिका भने निकै सकारात्मक रहेको मान्नुपर्दछ । जुन रूपमा भर्ना अभियानको नारालाई चर्को पारिएको छ सो अनुसार कार्यान्वयन पक्षमा भर पर्छ । यदि समस्याको मूल चुरोमा पुगेर यसको निराकरणमा ध्यान दिइयो भने पक्कै पनि केही परिवर्तनको आभाष गर्न सकिन्छ ।

### बालबालिका मैत्री भएन विद्यालय

विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकाहरूका लागि सरकारले एकातिर भर्ना अभियान सञ्चालनमा ल्याएको छ भने अर्कोतिर विद्यालय भर्ना गरेर पनि छाड्ने विद्यार्थीको वाध्यतालाई बुझ्न सकिएको छैन । विद्यार्थीहरू विद्यालयभित्र प्रवेश गराउनु मात्र ठूलो कुरा होइन उनीहरूलाई निरन्तर शिक्षा प्राप्तिको बाटोमा अगाडि बढाउन सक्नुपर्छ । विद्यालयप्रतिको आकर्षण र झुकाव बढाउनका लागि विभिन्न कार्यक्रमहरू बनाउनु आवश्यक छ । विद्यार्थी विद्यालय हाताभित्र किन प्रवेश गर्दैन ? भन्ने प्रश्नको जवाफसँगै विद्यालय छोड्ने कारणको पनि खोजी गरिनु आवश्यक छ । विद्यार्थीले खोजे अनुसारको वातावरण निर्माण, मनोवैज्ञानिक शिक्षणविधि र पढाइलाई रूचिका रूपमा विद्यार्थीले कसरी लिनसक्छ भनेर पनि चासो दिनु आवश्यक छ । विद्यालय प्रवेश गरेको विद्यार्थीहरू किन विद्यालयमा अडिन सक्दैनन् ? विद्यालयमा छुट्टी घन्टी बज्ने बित्तिकै विद्यार्थी खुशी हुने, विद्यालय जाने नाम सुन्ने बित्तिकै बालबालिका विभिन्न बहाना बनाएर जान नखोज्ने लगायतका विषयमा पनि सरकारले ध्यान दिनुपर्ने हुन्छ । अहिले पनि विद्यालयमा विद्यार्थीको मनोविज्ञानलाई बुझ्न नसक्दा कैयौं विद्यार्थीहरूले विद्यालय जानु भनेको यातना गृहमा जानुको रूपमा लिने गर्दछन् । यस्तो अवस्थालाई सुधार्न सकिएन भने विद्यालय प्रवेश गराएर मात्र समस्याको समाधान हुन सक्दैन ।

### मुख्य कारण गरिबी

पटक-पटक सरकारी स्तरमा नेपालमा सञ्चालन हुने गरेको विद्यालय भर्ना अभियान परिणाममुखी नहुनुको मुख्य कारण गरिबी हो । हुनेखाने र सम्पन्न परिवारका एउटा पनि बालबालिका विद्यालय जानबाट वञ्चित छैनन । खासमा यो अभियान विपन्न वर्ग, गरिब तथा असहायका लागि हुनुपर्ने हो । गरिब, विपन्न र असहाय परिवारका अभिभावकले आफ्ना बालबालिका एकछाक खाना खुवाउन दिनरात मिहेनत गर्नुपर्छ भने उनीहरूलाई विद्यालय पठाउने, कपी कलम किनिदिने पैसा कहाँ ल्याउने भन्ने सोच्नुपर्ने हुन्छ । नेपालमा अहिले पनि गरीबको संख्या उल्लेख्य रूपमा रहेको छ । अधिकांश परिवार साँझ र बिहानको छाक टार्ने पिरलोले रूमल्लिएका हुन्छन् । आर्थिक अभावले गर्दा सन्तानलाई सानैदेखि काममा लगाउन उनीहरू बाध्य भएको पाइन्छ । जसले गर्दा भर्ना अभियानका नारालाई सुने पनि नसुनेझैं गर्ने उनीहरूको बाध्यताजस्तो बनेको हुन्छ । सरकारले निःशुल्क शिक्षाको व्यवस्था गरे पनि किताब र भर्ना शुल्कबाहेक सबै कुराको व्यवस्थापन स्वयं परिवारले नै गर्नुपर्ने भएकाले अभावकै कारण उनीहरू सन्तानलाई विद्यालयसम्म पुऱ्याउन सक्षम बन्न सकेका हुँदैनन् । भोको पेटले सबैभन्दा पहिलो खाना हेर्ने भएकाले उनीहरू शिक्षालाई आफ्नो जीवनको महत्वपूर्ण कुराका रूपमा लिने चासो राख्दैनन् । अहिलेको परिप्रेक्ष्यमा हेर्दा यो पनि भर्ना अभियानको वाधकका रूपमा रहेको छ । गरीबीको जटिलताले विद्यालय नजाने विद्यार्थीको संख्या निकै उल्लेखनीय छ ।

### निष्कर्ष

‘प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीले एक दुई जना बालबालिकालाई विद्यालय भर्ना गराइदिँदैमा यो अभियानले ठूलो उपलब्धी हासिल गर्दैन । सबैले आआफ्नो भोट बैंक सुरक्षित राख्नका लागि एक दुई दिन गएर भर्ना गराइदिने र पछि यसबारे कसैले सोधखोजसमेत गर्न आउँदैन’ माथि उल्लेखित कुरा एक जना सामाजिक व्यापार गरी बस्ने दलित समुदायका व्यक्तिले भनेका छन् । यो पंक्तिकारले सरकारले अहिले सञ्चालन गरिरहेको विद्यालय भर्ना अभियानबारे सोध्दा उनले भने, ‘यस्ता धेरै अभियानहरू हेरिसक्यौं र यसको प्रभावकारिता कति रहन्छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ ।’ उसको भनाईको तात्पर्य के थियो भने यस्ता अभियान हुनेखानेवालाहरूका लागि हो । गरीबका छोराछोरीका लागि साँच्चिकै यो अभियान ल्याइएको हो भने विद्यालय शुल्कमात्र होइन, कपी, कलम, खाजा लगायतका आधार भूत आवश्यकताहरूसमेत व्यवस्था गर्नुपर्छ । गरिबीका कारण पनि यो अभियानको बाधकको रूपमा रहेको हुनाले यसबारे सरकारले दीर्घकालीन योजना ल्याउनुपर्छ । त्यसपछि मात्र यो अभियानले सार्थक परिणाम ल्याउँछ ।

बांगा कविता

## सिन्डिकेट लाग्या छ



● प्रेम ओली (ढकलपुरे)

यता गयो सिन्डिकेट लाग्या छ
उता गयो सिन्डुकेट लाग्या छ
अब त केही होला कि देशमा
बल्ल सरकार यो सिन्डीकेट हटाउन
जाग्या छ
बसमा गयो उडुस परेका बसमा बस्नुपर्ने
टिकट पनि थोत्रो गाडीले उस्तै कस्नुपर्ने
खाए खा नखाए घिच भनेको जस्तो
यिनकै फन्दामा फस्नुपर्ने
माइक्रोमा पनि ठोसी ठोसी हाल्या छ
टाइममा पुऱ्याउला कि भन्यो
बाटो भरी टायर टाल्या छ टाल्या छ
रातीमा पनि न हेडलाइट बाल्या छ
न साइड लाइट बाल्या छ
बाल्यो भने पनि जुनकिरी जस्तो उज्यालो
फाल्या छ
भिडियो कोचमा कम्बल कोच्या छ
डिलक्सको सिटले सुइरोलेझैं घोच्या छ
जता कतै यहाँ सिन्डिकेट लाग्या छ
अब त केही होला कि देशम सरकारै
जाग्या छ ।

यो सिन्डिकेटको जरो पनि कस्तो
सरकार यसैले थामेको जस्तो
तरकारीमा पनि सिन्डिकेट
सवारीमा पनि सिन्डिकेट
हुँदाहुँदा कवाडिमा सिन्डिकेट
मलमा पनि सिन्डिकेट
सिनेमा हलमा पनि सिन्डिकेट
फूटबलमा पनि सिन्डिकेट
काठमाडौका ढलमा पनि सिन्डिकेट
यस्तै हो भने यो सिन्डिकेट फैलदै
घरसम्म सर्ला जस्तो
आफ्नै घरमा आफैंलाई छिर्न पनि गार्हो
पो पर्ला जस्तो
जति खुलाबजारका कुरा गरे पनि
खाली सिन्डिकेट लाग्या छ
अब केही होला कि देशमा
सिन्डिकेट हटाउन सरकार ज्याग्या छ ।

# रजनीको मुक्त आकाश-२

रजनी मदनले अचानक गरेको यस प्रश्नको के जवाफ दिने भनेर टुंगोमा पुग्न सकिन । मदनलाई हेरेर एकोहोरो टोलाइरही ।

रजनीबाट जवाफ नआएपछि, “आमाबुबाले विवाहका लागि कर गर्न थाल्नुभयो । तिमीसँग नसोधी आफ्नो निर्णय दिन उचित हुँदैन भन्ने सोची तिमीलाई सोध्न आएको हुँ । तिमी हाम्रो मित्रतालाई अरू सम्बन्धमा बदल्न नचाही यही रूपमा राख्न चाहन्छयौ, भने पनि म रिसाउँदिनँ, दुःख मान्दिनँ । तिमी जे भन्छयौ, म सहर्ष स्वीकार्छु । त्यसमा म अन्यथा सोच्नेछैन । आज तिमी सोच, भोलि बिहान म फोन गर्छु, तिम्रो जे निर्णय हुन्छ अप्ठ्यारो नमानी भन्नु है ।” मदनले भावुक भएर जीवनको निर्णय गर्ने अधिकार रजनीलाई नै सुम्पियो ।

यति भनेर एकछिन पनि नबसी मदन कोठाबाट बाहिर निस्कियो । सधैं रजनी मदनलाई बाटासम्म छाड्न जान्थी, आज गइन । मदन ओझेल नपरुन्जेल रजनीले चियाएर हेरिरही । मदनको हिँडाइसँगै आफूलाई खोजिरही । बल्ल त्यसबेला रजनीलाई जीवन बुझेझैं लाग्यो ।

अझ धेरै छन् जीवनका रमाइला क्षणहरू भन्ने उसलाई लागेको थियो । तर आज मदनले जीवनबारे गर्नु पर्ने निर्णयका लागि समय छाडेर गएपछि उसले केही बुझ्न सकेकी छैन । शिथिल भएकी छे । पीडाको आगाले पोलिएर भोक तिर्खा बिर्सिएकी छे, बिरक्तिएकी छे । आफ्नो अतीतमा बग्दै मातृत्व सुखबाट वञ्चित हुने कुराले ऊ झन् विचलित हुँदै बरर आँसु झार्न थाली ।

आज मदनले दिएको समय नउम्कियोस् भनेर स्कुलबाट हतारिँदै आएकी रजनीका लागि, स्कुलबाट घर आउँदा बाटामा मदनको उपस्थिति सम्झदा मात्र पनि कति प्यारो भएको थियो । तर मदनसँगको भेटको केही क्षणमै रजनी अतीत र वर्तमानको आहत भएर टुक्रिरही । त्यस क्षणदेखि यस क्षणसम्म अर्थात् सात आठ घण्टासम्म उसले एकै ठाउँमा एक्लै चिया र पानीको घुड्कोसँगै आफ्नो पीडा पिउने प्रयत्न गरिरही । पूर्णिमाको जून पनि आफ्नै पीडाको रङ भरेर बग्दै क्षितिजमा हराउनै लागेको जस्तो देखेर विक्षिप्त बनायो । रातले आकृति फेर्न थालिसक्यो तर रजनी वर्तमानमा फर्कन सकिन, सक्दै सकिन । बरु अतीतकै स्मृतिमा डुबिरहँदाको शिथिलताले ऊ निर्णयको बिन्दुमा नपुगी भुसुक्क निदाई ।

एकै पटक उसलाई बिहानको झिसमिसमा चराहरूको चिर्बिरले झल्याँस्स ब्युँझायो ।

रजनीको घर आँगनीमा पनि उज्यालो रङ पोतिएर प्रभातको लाली मुस्कुराउँदै बिहान त भयो तर ऊ निर्णय गर्न नसकेर पिरोलिएकी छे । अब मदनले फोन गर्छ, निर्णय के गर्ने ? भनेर किंकर्तव्यविमूढ भई । कहीँ जाने, केही गर्ने जाँगर छैन उसमा । भगवान्लाई आस्था बेगरका दुईवटा सिन्के धुप सल्काएर चिया पकाउन गह्रुँगो मन पारेर भान्सामा गई । चिया पकाउँदा पनि मन अशान्त छ । चिया पिउँदा पनि मदनसँग बितेका क्षण आँखामा ल्याउँदै मनमा कुरा खेलाइरही ।

यो सपना भए पनि हुन्थ्यो भन्दै टेलिफोन छेउमा बसेर के के सोचिरही । घडीले नौ को घण्टी हान्यो । ऊ झल्याँस्स भई । अहिलेसम्म उसले स्कुल जानुपर्छ भन्ने कुरा पनि बिर्सिरहेकी रहिछे । एक प्रकारको महाशून्यमा हराउँछे ऊ । फेरि एकै छिनमा छताछुल्ल पोखिन्छे अतीत र वर्तमानको चक्रव्यूहमा परेर ।

मौनता भंग गर्दै फोनको घण्टी बज्छ । रजनी फोनको छेउमै छे तर फोनको रिसिभरमा हात लान कठिन परेको छ उसलाई । फोनको घण्टी बज्दै जान्छ । घण्टीको आवाजसँगै रजनीभित्र अनेक दोधारे भावनाहरू दौडिन्छन् । पटक-पटक घण्टी बज्छ । रजनी बेचैन हुन्छे । फोन उठाऊँ नउठाऊँ, बोलौं-नबोलौं, यस्तै-यस्तै द्विविधामा रजनी निकै बेर एकोहोरिन्छे । अन्त्यमा सहज हुने प्रयास गर्दै फोन उठाएर बोल्छे, ‘हेलो

“रजनी, म मदन बोलेको ।” मदनको आवाजमा सहजता थिएन ।

“हाम्रो मित्रतालाई सम्बन्धको घुम्टो ओढाएर एउटा असल साथी गुमाउन चाहन्नँ म । प्लिज, अन्यथा नसोच्नु होला । तपाईंजस्तो असल मानिसकी पत्नी हुनमा होइन, असल साथी हुनमा गर्व गर्छु । तपाईंको साथी हुँदा जति म खुसी हुन सक्छु, त्यति कुनै सम्बन्धमा खुसी हुन सक्दिनँ । किनकि मबाट एउटा मित्रको भन्दा बढी अरू सम्बन्धको आशा नगर्नुहोस् ।”

निकैबेरपछि रजनीले बल गरेर भनी “किनकि म मातृत्व सुखबाट वञ्चित छु । यसको सजाय तपाईंलाई दिन सक्तिनँ ।”

रजनीको कुरा सुनेर मदन बहकिन्छ र भन्छ “रजनी हाम्रा अवस्था एकअर्कोमा खुसीले लागु गरौंला यदि तिमी साँच्चिकै मेरो इच्छामा सहमत हुन्छयौ भने एउटा अनाथ बच्चालाई सन्तानका रूपमा ग्रहण गरौंला । तिमीले पनि बुझेकै हुनुपर्छ आफैले जन्माएका सन्तानबाट पनि एक्लिएर पीडित भएका आमा बुवाहरू कति छन् । अनि अरूले जन्माएका सन्तानबाट खुसी भएका बुवा आमाहरू पनि छन् । त्यसैले सन्तानलाई हाम्रो प्रेमको तगारो नपारी निर्णय गर ।”

रजनी झन् अन्यौलग्रस्त भई । त्यसपछि त मदनलाई झन् सम्मानका साथ मित्रताको सम्बन्धमा खुसी हुन सक्ने कुरामा गर्व गर्दै दृढ हुँदै भनी “मदन, हाम्रो मित्रता सधैं प्रगाढ रहोस् है । तपाईंसँग जीवनभर अरू कुनै सम्बन्धहरूमा होइन मित्रताको सम्बन्धमा रम्न चाहन्छु ।” यसरी रजनीको मनबाट अर्थपूर्ण निर्णय अचानक आफैं निस्कियो ।

(क्रमशः)

# भारत किन “खुसी राष्ट्र” बनेन ?

विश्वले यस वर्षको २० मार्चमा ‘खुसणी दिवस’ मनायो । संयुक्त राष्ट्रसंघले दिएको जानकारीअनुसार भारत विश्वका अत्यन्तै बेखुसी राष्ट्रको सूचीमा परेको छ । विश्वका १ सय ५५ राष्ट्रमा खुसीका सूचक मापन गरेर तयार पारिएको रिपोर्टमा भारत १ सय २२ औं स्थानमा परेको छ ।

यति मात्र हैन, दक्षिण एसियाको सबैभन्दा बेखुसी राष्ट्र भारत बनेको छ । अवस्था यति खराब देखिएको छ कि भारतपछिको सूचीमा अफ्रिकाका अति विपन्न राष्ट्रको नाम सूचीकृत छन् ।

कतिले खुसी पनि मापन गर्न सकिन्छ र भन्ने तर्क पनि गर्छन् । केही सानो दायराको नमुनाका आधारमा संयुक्त राष्ट्रसंघले कसरी खुसी मापन गर्छ भन्ने तर्क अर्काथरीको हुन सक्छ । तर, व्यवस्थित रूपमा छानिएका केही मापदण्डका आधारमा कुनै देशको खुसीलाई मापन गरिन्छ । यसका लागि संयुक्त राष्ट्रसंघले ६ वटा आधार तय गरेको छ । प्रतिव्यक्ति आय, स्वस्थ जीवन आयु, स्वतन्त्रता, विश्वास, सामाजिक सहयोग र परोपकारका आधारमा देशविशेषको खुसी मापन गरिँदै आएको छ । यो विधि तर्कपूर्ण र विधिसंगत छ । यसर्थ आलोचकले यसमा विधिलाई लिएर समस्या देखाउनुको औचित्य छैन । यसो भए खुसी राष्ट्रको सूचीमा भारत कहाँ उभिएको छ त ? भारतको प्रतिव्यक्ति आय पर्याप्त छैन ।

सन् २०१७ मा २ सय देशमध्ये भारत १ सय २६औं स्थानमा पऱ्यो । विश्वमा द्रुतगतिमा वृद्धि भइरहेको अर्थतन्त्रका लागि यो लज्जास्पद अवस्था हो । राष्ट्रसंघका अनुसार बेरोजगारी र गुणस्तरहीन कामको कारण भारत बेखुसी देशको सूचीमा परेको छ । नागरिकको दुःखलाई कम गर्न हामीले धेरै उपाय नअपनाएको पनि होइन । तर, देशको खुसीलाई आर्थिक सुधृढीकरणसँग मात्र जोडेर बुझ्न सकिन्न । गएका दुई दशकयता चीनले प्रतिव्यक्ति आयमा उल्लेख्य वृद्धि गरेको छ । यद्यपि, विश्वास, स्वतन्त्रता र उदारीकरणका सन्दर्भमा सकारात्मक कदम नचलाएका कारण चीनको खुसी सूचकांक माथि उठ्न सकेको छैन ।

अर्कातर्फ, भ्रष्टाचारका कारण भारतीय समाजमा विश्वासको खडेरी छ । कर्मचारीतन्त्र तथा राजनीतिज्ञको व्यवहारका कारण राज्यप्रति नागरिकको विश्वासमा ह्रास आएको हो । कानुन कार्यान्वयनमा उदासीनता तथा कर संकलनमा भएको मनोमानीका कारण पनि यस्तो हुन पुग्यो । समाजमा व्याप्त असमानताले भारतको छविमा नकारात्मक छाप छाडेको छ । प्रजातन्त्र कागजमा मात्र सीमित छ । उच्च वर्गले स्वतन्त्रता र आर्थिक तथा सामाजिक सुविधा उपभोग गरिरहेका छन् । धार्मिक तथा लैंगिक अल्पसंख्यक समुदायले बिरलै मात्र स्वतन्त्रताको स्वाद चाख्न पाएका छन् । विपन्न तथा पिछडिएको समुदायले आफ्नो रोजाइअनुसार उनीहरूले जीवन चलाउन पाएका छैनन् ।

चुनावको वेला भोट तान्ने चुनावी नारामा मात्र उनीहरू सीमित छन् । यी नागरिकलाई स्वतन्त्र, सहज र सुरक्षित जीवनको प्रत्याभूति दिन सरकार असफल हुनु पनि बेखुसीको परिचय नै हो । भारतीयहरू उदार तथा मनकारी छैनन् । केही अपवादबाहेक समाज परोपकारी कार्यमा भारतको आँकडा सन्तोषजनक छैन । आफू मात्र धन जम्मा गर्ने र आफ्नो सम्पत्तिको केही अंश अरूलाई बाँड्ने कार्यमा खासै चासो नराखिनु दुःखद पक्ष हो । विश्वका ठूला परोपकारी व्यक्तित्व तथा समाजसेवी भारत आएर यहाँका अर्बपतिलाई समाजसेवाबारे पाठ सिकाउनुपर्ने अवस्था छ । सामाजिक सहायतामा विकसित देश भारतभन्दा निकै अगाडि छन् । हामीकहाँ अझै पनि सामाजिक सुरक्षाको अवधारणा वास्तविकतामा बदलिन सकेको छैन । किसानले सामना गरिरहेका दुःख र आर्थिक समस्यालाई उदाहरणका रूपमा लिन सकिन्छ । यसर्थ, भारतको ठूलो जनसंख्याले अझै पनि सामाजिक सुरक्षाको अनुभूति गर्न नपाउनुले पनि हामी बेखुसी देशको सूचीमा पर्नुको अर्को प्रमुख कारण हो ।

स्वास्थ्य र जीवन आयुको सन्दर्भमा हामी मध्य स्थानमा छौं । विगत केही वर्षयतादेखि मानव आयु वृद्धिका लागि भारतमा धेरै प्रयास भएका छन् । गत एक दशकमा हामीले हाम्रो औसत आयुलाई ६२ वर्षबाट ६७ मा पुऱ्याएका छौं । तर, धेरै उदीयमान देशको औसत आयु ७५ वर्षभन्दा बढी पुगिसकेको अवस्थामा हामी खुसी भइहाल्ने कारण छैन । विश्वस्तरमा हेर्दा, स्वास्थ्य क्षेत्रमा भारतको आँकडा पनि सुखद छैन । मानिसले पर्याप्त रकम आर्जन गर्न सक्दैनन्, क्षमता तथा रुचिअनुरूपको काम पाउँदैनन्, आफ्नो स्वास्थ्यप्रति चिन्तित भइरहनुपर्छ, राज्य ताथ अरूलाई विश्वास गर्न सक्दैनन्, चाहनाअनुरूप जीवन बाँच्न पाउँदैनन् अनि परेको खण्डमा राज्यको साथ पाउँदैनन् भने त्यस्तो देशलाई बेखुसी राष्ट्र नभनेर के भन्ने ?

*उदयन मुखर्जी*
*(मुखर्जी भारतको सिएनबिसी टिभी १८ मा आबद्ध पत्रकार हुन्)*
*स्रोत : हिन्दूस्तान टाइम्स डट कम*

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# भारतीय कथित बाबाहरूका काला कर्तुत



विष्णु भट्टराई

**भारतमा जोधपुरको विशेष अदालतले बिहीबार विवादास्पद गुरू आसाराम बापुलाई किशोरी बलात्कारमा दोषी ठहर गर्दै आजीवन काराबासको सजाय सुनायो । उपचार गर्ने बहानामा आफैँले खोलेको विद्यालयमा पढ्ने किशोरीलाई बलात्कार गरेको आरोपमा उनी पाँच वर्षअघि पक्राउ परेका थिए । आफ्नै अनुयायीका छोरीलाई बलात्कार गरेपछि कथित गुरू आसारामको अँध्यारो पाटो सार्वजनिक भएको हो । आसारामविरूद्ध दिल्ली, हरियाणा, राजस्थान, उत्तर प्रदेश, गुजरातलगायतका राज्यमा पनि बलात्कार र हत्याको मुद्दामा अदालतमा सुनुवाइ भइरहेको छ । बलात्कार र यौन दुर्व्यवहारको आरोपमा भारतमा पक्राउ पर्ने र अदालतबाट दोषी ठहर हुने कथित गुरूमा आसाराम पहिलो भारतीय होइनन् .। कथित गुरूको आवरणमा बलात्कार, हत्या र यौन अपराध मच्चाउने एउटा जमात नै छ । प्रस्तुत छ भारतका केही स्वघोषित गुरू र उनीहरूका कर्तुत :**

### नारायण साई



आसाराम बापुका छोरा तथा स्वघोषित गुरु नारायण साई भारतमा बलात्कार र यौनकान्ड मच्चाउने कथित गुरुको सूचीमा अग्रपंक्तिमा पर्छन् । आसारामको आश्रममा सन् २००२ देखि २००५ को अवधिमा महिलामाथि दुर्व्यवहार र बलात्कार गरेको अभियोगमा नारायण साई अहिले जेलजीवन बिताइरहेका छन् । उनीमाथि सात किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा अदालतमा अर्को छुट्टै मुद्दा चलिरहेको छ । ती किशोरीमध्ये अधिकांश उनका अनुयायी हुन् । आफूमाथि यौन दुर्व्यवहारको आरोप लगाउँदै सन् २०१६ को नोभेम्बरमा एक टेलिभिजन च्यानलकी पत्रकारले उनीविरुद्ध मुद्दा दायर गरेकी थिइन् । नयाँदिल्लीस्थित कारोल बाघ आश्रममा अन्तर्वार्ता लिने क्रममा ती गुरुले पत्रकारको स्तन सुमसुम्याएका थिए । गुरुको दबाब र मिलेमतोमा टेलिभिजन च्यानलका प्रमुखले मुद्दा नचलाउन दबाब दिएको ती सञ्चारकर्मीले बताएकी थिइन् ।

### स्वामी गंगेसानन्द




गत वर्ष केरलाकी एक महिलाले एक स्वघोषित धर्मगुरुको लिंग काटेर हतारमा प्रहरीसमक्ष आत्मसमर्पण गरिन् । गंगा सवातपडा स्वामी नामले परिचित एक गुरुले बलात्कार गरेपछि आक्रोशित किशोरीले गुरुको लिंग नै चट पारिदिएकी थिइन् । ५४ वर्षीय स्वामीले विगत पाँच वर्षदेखि ती किशोरीलाई निरन्तर बलात्कार गरेका थिए । गुरुको कथित अत्याचार सहन नसकेपछि किशोरीले बदला लिएकी थिइन् । उनलाई तत्कालै भारतको एक मेडिकल कलेजमा उपचार गरिएको थियो ।

### सन्त रामपाल




सन् २०१४ को नोभेम्बरमा एउटा आश्रममा बसेका अनुयायीले त्यहाँबाट उम्किन ठूलो संघर्ष गरिरहेका थिए । तर, उनीहरूलाई आश्रम नछाड्न कडा निर्देशन दिइएको थियो । उद्धारका लागि खटिएका सुरक्षाकर्मीलाई अवरोध गर्न शिविरको प्रवेशद्वारमा अनुयायीहरूलाई मानव ढाल बनाइएको थियो । प्रहरी र आश्रमका सेनाबीच ठूलै घम्साघम्सी भयो । जब झडप अन्त्य भयो, हजारौँ अनुयायीको लस्कर आश्रमबाट बाहिर निस्कियो । उनीहरूलाई धेरै दिनदेखि रामपालका सहयोगीले बन्धक बनाएका थिए । आश्रममा प्रहरी पुग्दा पाँच महिला र एक शिशु मृत अवस्थामा भेटिएका थिए । आश्रमस्थलभित्र गुरुले महिला र किशोरीमाथि यौन दुर्व्यवहार गर्थे । आफूलाई रामपालको छोराको कोठामा बस्न बाध्य पारिएकी २७ वर्षीया एक महिला अनुयायीले गुनासो गरेकी थिइन् । उनका अनुसार केही युवतीलाई आफ्नो चेम्बरमा लगेर रामपालले यौन प्यास मेट्थे । हत्या, अपराध आरोपमा ६ वटा मुद्दा लागेका रामपाल अहिले जेलजीवन बिताइरहेका छन् ।

### स्वामी नित्यानन्द




सन् २०१० को मार्चमा एउटा आपत्तिजनक भिडियो एक स्थानीय समाचार च्यानलमा सार्वजनिक भयो । भिडियोमा स्वघोषित स्वामी नित्यानन्द सानो पर्दाकी एक नायिकासँग मस्त यौनकार्यमा लिप्त देखिन्थे । सो भिडियोले ती कथित गुरुको वास्तविक कर्तुत पर्दाफास मात्र गरेन भारतमा स्वघोषित गुरुको नाममा कतिसम्म निम्नस्तरको कार्य हुन्छ भन्ने खुलासा भएको थियो । भिडियो सार्वजनिक भएपछि आफूले केवल सहवासको 'प्राक्टिस' गरेको भन्दै गुरुले आफ्नो कार्यको बचाउ गरेका थिए । आफू शारीरिक रूपमा अशक्त भएको र लिंग नै उत्तेजित नभएकाले कुनै पनि महिलासँग शारीरिक सम्पर्क गर्न नसक्ने उनले दाबी गरेका थिए । त्यसअघि उनीमाथि आफ्नै अनुयायीलाई बलात्कार गरेको आरोप लागेको थियो । अनुसन्धानका क्रममा प्रहरीले उनको आश्रमस्थलबाट कन्डम, ड्रग्स, परिवार नियोजनका अन्य साधनलगायतका औषधि फेला पारेको थियो । प्रहरीका अनुसार आश्रममा फेला परेका केही औषधि यौन उत्तेजना बढाउने थिए । जुन २०१२ मा पक्राउ परेका उनी ५२ दिन जेलको हावा चाखेर धरौटीमा रिहा भएका थिए ।

### गुर्मित रामरहिम सिंह




डेरा सच्चा सौदा नामक एक धार्मिक समूहका प्रमुख गुरु रामरहिम सिंह विवादका पर्यायी नै हुन् । आफ्ना करोडौँ समर्थक रहेको दाबी गर्ने स्वघोषित धर्मगुरु रामरहिमलाई झन्डै १५ वर्षअघि दुई महिलामाथि बलात्कार गरेको अभियोगमा अदालतले गत वर्ष दोषी ठहर गरेपछि सन् २०१७ को अगस्टदेखि उनी जेलजीवन बिताइरहेका छन् । आफूलाई धार्मिक गुरु, अभिनेता, निर्देशक, गीतकार तथा रकस्टार बताउने 'बाबा'विरुद्ध सन् २००२ मा डेरामा साधकविरुद्ध बलात्कार गरेको आरोप लागेको थियो । हरियाणा राज्यको पंचकुला नगरको एक अदालतले उनीविरुद्ध फैसला सुनाएपछि भड्किएको हिंसामा ३२ जनाको मृत्यु भएको थियो ।

बलात्कार, हत्यादेखि उनले धार्मिक भावनलाई चोट पुयाउने गुरमित कथित बाबाको आवरणमा एकपछि अर्को स्क्यान्डल मच्चाएका थिए । कथित आध्यात्मिक नेता रहिममाथि एक अनुयायी र पत्रकारको हत्या गरेको पनि आरोप लागेको छ । सन् २०१५ को विधान सभा निर्वाचनमा डेरा सच्चा सौदाले भारतीय जनता पार्टीलाई समर्थन गरेको थियो भने भाजपाका दर्जनौँ उम्मेदवारले बाबा रामरहिमको अगाडि नतमस्तक बनेर शिर झुकाएका थिए । १० कक्षा पढ्दा-पढ्दै अध्ययनलाई पूर्णविराम लगाएका रामरहिमले प्रियंका नामक युवतीलाई धर्मपुत्रीका रूपमा ग्रहण गरेका थिए । पछि उनको नाम परिवर्तन गरेर हनिप्रीत बनाइदिएका थिए । हनिप्रीतबाहेक उनका पत्नी र छोराछोरी पनि छन् ।

### स्वामी परमानन्द




सन् १९८४ मा युद्धले तहसनहस भएको श्रीलंकाबाट भारत पुगेका रामशंकर तिवारीले सन्तान दिने नाममा महिलामाथि बलात्कार गर्थे र भिडियो बनाएर ब्ल्याकमेल गरेर महिलामाथि यौन शोषण गर्थे । सन् १९९४ मा एक युवतीले परमानन्दले बलात्कार गरेर आफू गर्भवती भएको उजुरी दिएकी थिइन् । सन् १९९७ मा परमानन्द र उनका ६ सहयोगीमाथि १३ बालिका बलात्कारको अभियोग लागेको थियो । एकपटक परमानन्दको आश्रमको बिग्रिएको कम्प्युटर मर्मत गर्ने क्रममा पसलेले आश्रममा तयार पारिएको एउटा अश्लील भिडियो फेला पारेर भाइरल बनाइदिएका थिए । प्रहरीले छापा मार्दा आश्रमबाट अश्लील भिडियोका सिडी तथा अश्लील पुस्तकहरू फेला पारेका थिए । सन् २०१६ मा पक्राउ परेका ६५ वर्षीय बाबा अहिले लखनउमा जेलजीवन बिताइरहेका छन् ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### अब म्युजियममा नांगै भ्रमणको चाँजोपाँजो



फ्रान्सको राजधानी पेरिसमा रहेको एउटा चर्चित म्युजियमका आगन्तुकहरुले संग्राहलयभित्र छिर्दा जिउका सबै लुगा फुकाल्नुपर्नेछ । पेरिसस्थित दी पालाइस डु टोक्यो म्युजियमले हरेक शनिवार नांगा मानिसहरुका लागि संग्रहालय भ्रमणको विशेष कार्यक्रम आयोजना गर्नेछ । फ्रान्समा निर्वस्त्रवादी अर्थात् नुडिस्ट समुदायको निरन्तरको आग्रह तथा दबाबपछि संग्रहालयले यस्तो व्यवस्था गर्न लागेको हो । स्मरण रहोस् पेरिसमा यसअघि निर्वस्त्रधारीहरुका लागि पार्क र रेष्टुरेन्ट खुलिसकेको छ ।

निर्वस्त्र मानिसहरुका लागि हरेक शनिवार बिहानै म्युजियम भ्रमणको अवसर प्रदान गरिनेछ । बिहान म्युजियम खुल्ने नियमित समय भन्दा अगावै निर्वस्त्रवादीहरुले म्युजियमको भ्रमण सकाउनेछन् ता कि अन्य साधारण भ्रमणकर्ताहरु नांगा मानिसहरु देखेर समस्यामा नपरुन् ।

### एउटै प्रेमीसँग भागे २ युवती

प्रेममा मान्छे अन्धो हुन्छ भनिन्छ । सायद त्यहीँ भएर होला दुईजना युवतीहरु एउटै प्रेमीसँग भाग्न तयार भए । यो मामिला तबमात्र बाहिर आयो, जब त्यो प्रेमीले केही समयको मस्तीपछि दुईमध्ये एक प्रेमिकालाई रेलभित्रै छाडिदियो । अनि रेलभित्रै एउटा अनौठो त्रिकोणीय प्रेमकहानीको अन्त्य भयो ।

घटना भारतको छत्तिसगढको हो । रायगढमा बस्ने एकजना युवकले एकसाथ दुईजना युवतीलाई आफ्नो प्रेमजालमा फसाए र दुवैलाई आफूसँगै लिएर भाग्यो ।

दुईवटै प्रेमिकालाई विभिन्न ठाउँमा घुमाएर मस्ती गरेपछि उक्त युवकले छल गर्यो । दुईमध्ये एकजना प्रेमिकालाई रेलमा चढाइदियो र आफू एकजना प्रेमिका लिएर सुइँकुच्चा ठोक्यो । प्रेमीले आफूलाई धोका दिएपछि ती छाडिएकी युवतीले स्थानीय पुलिस चौकीमा उजुरी गरिन् ।

युवकले दुई प्रेमिकालाई पहिले दिल्ली र पछि झारखण्डको टाटा नगर पर्यायो । त्यसपछि एकजना प्रेमिकालाई उत्कल एक्सप्रेसको रेलमा चढाएर आफू केही बेरमा आउने भनी बाहिर निस्कियो । अनि त्यहीँ बेलामा अर्की प्रेमिकालाई च्याँपेर भागेको थियो ।

### कुखुराको बिहे

छिमेकी देश भारतमा यसअघि गधा, कुकुर, बाँदरजस्ता जनावरको बिहे गरिएका खबर त आएकै थिए । यसपटक चाहिँ एक कदम अघि बढ्दै कुखुराको समेत बिहे भएको छ । छत्तीसगढमा एक भव्य समारोहबीच भाले र पोथी कुखुराबीच बिहे गराइएको हो ।

बिहे यति अनौठो र भव्य भयो कि त्यसको चर्चा पूरै गाउँमा मात्र होइन, आसपासका गाउँहरुमा पनि भयो । कुखुरा पनि चानचुने होइन, एउटा विशेष प्रजातिको कुखुरा । बेहुला कुखुराको नाम कालिया हो भने बेहुलीको नाम सुन्दरी । मासु तथा अण्डाका लागि निकै लोकप्रिय तथा विशेष जातको मानिने कडकनाथ प्रजातिका भाले र पोथी कुखुराबीच बिहे गराइएको थियो ।

छत्तीसगढको दन्तेवाँडास्थित हिरानारा गाउँमा हिन्दू परम्परा अनुसार कालिया र सुन्दरीबीच बिहे सम्पन्न भयो ।

बिहेमा सरसामानको जोरजाम मानिसको भव्य बिहेमा भन्दा कम थिएन । बिहेका लागि निमन्त्रणा कार्ड पनि छपाएर वितरण गरिएको थियो । जन्तीसँगै बेहुला कालियालाई मण्डपमा ल्याइयो, जहाँ बेहुली सुन्दरीलाई राखिएको थियो । सोही मण्डपमा



दुईबीच बिहे गराइयो । बिहेपछि भव्य भोजको आयोजना गरियो । नाचगान पनि भयो । त्यस अवसरमा दुवैलाई रातो पहिरनमा सजाइएको थियो ।

### दुईपटक हराउने सडक



यस्तो सडक देख्नुभएको छ ? जुन हेर्दा हेर्दै गायब हुन्छ र फेरि देखा पर्दछ । फ्रान्समा एउटा यस्तो सडक छ जुन एक दिनमा दुईपटक हराउँछ । फ्रान्सको मूख्य भूमिलाई नोइरमोटियर क्षेत्रसँग जोड्ने यो सडक समुद्रको तटीय क्षेत्रमा छ । यो सडकलाई पेसेज डु गोइस भनिन्छ ।

दिनमा दुईपटक देखिने र दुईपटक हराउने यो सडक हराएको बेला १३ फिट गहिरो पानीमुनि लुक्दछ । वास्तवमा यो सडक समुद्री तटीय क्षेत्रमा छ । दिनमा दुईपटक समुद्री छाल आउँदा सडकलाई समुद्रको पानीले डुबाउँदछ । पानीले डुबेको बेलामा सडक पानीको सतहभन्दा १३ फिट तल पर्दछ । जब सामुद्रिक ज्वारभाटा शान्त हुन्छ तब पानी तटीय क्षेत्रबाट समुद्रतर्फ फर्किएपछि यो सडक देखा पर्न थाल्दछ ।

त्यसैले समुद्रसँग लुकामारी खेल्ने यो सडकको यात्रा जति रोमाञ्चक छ, उत्तिनै खतरनाक पनि हुन्छ । यद्यपि पर्यटकहरुका लागि यो आकर्षणको केन्द्र बनेको छ ।

सन् १७०१ मा यो बाटो पत्ता लागेको थियो र पछि त्यस ठाउँमा पक्की सडकको निर्माण गरिएको थियो । यो सडक साढे ४ किलोमिटर लामो छ । एडभेन्चर ड्राइभिङका लागि सायद दुनियाको सबैभन्दा रोमाञ्चक स्थानमध्ये एउटा यो पनि हो ।

### बर्थडेमा मुक्का

जन्मदिनमा कसैलाई उपहार, दक्षिणा आदि दिनु स्वभाविकै हो । तर क्यानडाको एउटा ठाउँमा भने जन्मदिनका दिन बच्चालाई मुक्का हान्ने परम्परा छ । जन्मदिनमा धुमधामसँग बर्थडे पार्टीको आयोजना त गरिन्छ नै, त्योसँगै जन्मदिनको बच्चालाई मुक्का पनि हानिन्छ । क्यानडाको आन्ध्रमहासागरीय क्षेत्रहरुमा यस्तो अनौठो परम्परा सहित बर्थडे मनाउने चलन छ ।

आफ्नो बच्चाको बर्थडेमा घरका सदस्यहरुले विभिन्न खाले परिकारहरु तयार पार्दछन् । बच्चालाई मनपर्ने खाना तथा मनपर्ने खेलौना पनि किनिन्छ । जब बर्थडेको केक काट्ने चलन हुन्छ तब बच्चाको नाकमा नौनी घिउ दलिदिने गरिन्छ । नाकमा नौनी दलेसँगै जन्मदिनको बच्चालाई मुक्का पनि हानिन्छ । दुई मुक्का उसको ढाडमा हानिन्छ ।

तन्नेरी युवायुवती तथा किशोरकिशोरीहरुले यो परम्पराको भरपूर फाइदा उठाउँछन् । बर्थडेको दिन नाकमा नौनी लगाइदिने र ढाडमा मुक्काले हान्नमा निकै रमाइलो मान्छन् उनीहरु ।

### ३० लाखमा बिक्यो ट्रम्पको नांगो मूर्ति

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नांगो मूर्तिका बारेमा सम्झना छ ? सन् २०१६ को राष्ट्रपति चुनावमा बेला तत्कालिन उम्मेदवार ट्रम्पको निर्वस्त्र मूर्ति बनाएका थिए एकजना कलाकारले । उक्त मूर्तिको हालै लिलामी भएको छ । डोनालड ट्रम्पको त्यस नांगो मूर्ति २८ हजार डलर अर्थात्



झण्डै ३० लाख रुपैयाँमा बिकेको छ । उक्त मूर्ति तत्कालिन समयमा न्युयोर्कको एउटा चर्चित पार्क लगायतका विभिन्न ४ ठाउँमा राखिएको थियो । त्यस समय मानिसहरुले उक्त मूर्तिबाट निकै मज्जा लिएका थिए र धेरैले मूर्तिसँग सेल्फी पनि खिच्न भ्याएका थिए । ती चार मध्ये तिनवटा मूर्ति त तोडफोड भैसकेको छ र बँचेको एउटा मूर्तिको हालै लिलामी भएको हो ।

लस एन्जल्सको ४६०० ब्लकस्थित हलिउड बुलेवार्डमा कडा सुरक्षाबीच उक्त मूर्ति राखिएको थियो । जुलियस अक्सन्सले बुधबार घोषणा गरे अनुसार लस एन्जल्सको एक लिलामीमा उक्त मूर्ति बिकेको हो । उक्त मूर्तिमा ट्रम्पको भुँडी निकै ठूलो देखिन्छ । उक्त मूर्ति ज्याक बेगेन्सले खरीद गरेका हुन् ।

उक्त मूर्ति जिन्जर नामक कलाकारले बनाएका हुन् । सन् २०१६ मा उनले वासिंटन पोष्टलाई बताए अनुसार उक्त मूर्ति माटो र सिलिकनबाट बनेको छ । साथै यसको तौल ८० पाउण्ड रहेको छ ।

### घरको अगाडि चिहान

यो गाउँमा पुग्ने बित्तिकै मानिसहरुलाई लाग्न सक्छ, कतै म चिहानखानामा त आइन ? तर आन्ध्र प्रदेशको कुरनूल जिल्लामा रहेको अया कोडा गाउँ कुनै चिहानघारी होइन, मानिसको बाक्लै वस्ती भएको गाउँ हो । गाउँको डरलाग्दो विशेषता के छ भने यहाँ हरेक घरको अगाडि चिहान छ । यो गाउँमा मालादासरी समुदायका झण्डै डेढसय घरधुरी छन् । यो समुदायका मानिसले आफ्ना घरपरिवारका सदस्यको मृत्यु भएपछि लासलाई घरकै अगाडि चिहान



खनेर गाड्छन्, किनकि उनीहरुको कुनै छुट्टै अन्त्यष्टि स्थल छैन । हरेक घर अगाडि एक वा दुईवटा चिहान देख्न सकिन्छ । गाउँका महिला तथा बच्चाबच्चीहरु आफ्नो दिनचर्याका लागि यिनै चिहानहरु पार गरेर दिनमा धेरैपटक हिड्नुपर्दछ । बच्चाहरु यिनै चिहानको आसपास खेलिरहेका हुन्छन् ।

गाउँलेहरु चिहानको दिनहुँ पूजा गर्दछन्, प्रसाद चढाउँछन् । पिता पुर्खाका चिहानमा नचढाएसम्म घरमा पाकेको खानेकुरा कसैले पनि खाँदैनन् । यतिमात्र कहाँ हो र ? गाउँका मानिसहरुले आफ्नो घरमा किनेको नयाँ टिभी, मोबाइल फोन, कम्प्युटर आदि मेसिनरी सामानहरु सबैभन्दा पहिले घरअगाडि रहेका चिहानको नजिक राखेर पुजा गर्दछन् अनि मात्र चलाउँदछन् ।

### मंगल ग्रहको मुटु पढ्दै नासा

काठमाडौं । अमेरिकी अन्तरीक्ष संस्था नासाले मंगल ग्रहको मुटुको अध्ययन गर्ने पूरा तयारी गरेको छ । यदि यो मिसन सफल भएमा यो रातो ग्रहसँग जोडिएका धेरै राजहरु खुल्नेछन् ।मंगल ग्रहको भित्री संरचनाको अध्ययनका लागि नासाको यो मिसनले यही हप्ता उडान भर्नेछ । मे ५ तारेख स्थानीय समयअनुसार ७ बजेर ५ मिनेट जाँदा क्यालिफोर्नियाको वान्डेनवर्ग एयरफोर्स बेसस्थित अन्तरीक्ष प्रक्षेपण केन्द्रबाट युनाइटेड लन्च अलाइन्स एटलस पाँच रकेटबाट छाडिनेछ । यसले मंगल ग्रहको भित्री संरचनाको गहन रुपमा अध्ययन गर्नेछ । मंगल ग्रहको भित्री संरचना अर्थात् मुटुको अध्ययनबाट पृथ्वी तथा चन्द्रमा समेतका सबै चट्टानी ग्रहको उत्पत्ति कसरी भयो भन्ने बारेमा पनि थप जानकारी प्राप्त हुने विश्वास गरिएको छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## सबैभन्दा खुसी चरो

जंगलमा बस्ने कागलाई कुनै कष्ट थिएन । ऊ निकै आनन्दको जिन्दगी बाँचिरहेको थियो । एक दिन उसले एउटा हाँसलाई देख्यो । उज्यालो सेतो हाँसलाई देखेर उसले सोच्यो, यो हाँस कति सेतो । म चाहिँ कति कालो छु । यो हाँस पक्कै पनि संसारकै खुसी चरो हुनुपर्छ । कागले हाँससित यही जिज्ञासा राखिसकेपछि हाँस्ले दुखी हुँदै भन्यो- यस्तो होइन साथी, मलाई पनि लामो समयसम्म म नै संसारको खुसी चरो हुँ जस्तो लाग्थ्यो । तर एक दिन मैले एउटा सुँगालाई देखेँ । उसको शरीरको दुई रंगको छटा अनौठो थियो । जबकि मसँग त केवल एउटा मात्र रंग छ । त्यसैले मलाई त लाग्छ सुँगा नै संसारको सबैभन्दा सुन्दर र खुसी चलो हुनुपर्छ । काग सुँगालाई भेट्न गयो र त्यही जिज्ञासा राख्यो । सुँगाले भन्यो- जबसम्म मैले मयुरलाघई देखेको थिइन तबसम्म मलाई आफ्नो रुपरंगमाथि निकै गर्व थियो । तर मयुर जति सुन्दर त कोही हुनै सक्दैन । मेरो शरीरका दुई रंगको मयुरसित के तुलना हुन्थ्यो र ? त्यसपछि काग मयुरको खोजी गर्न थाल्यो । उसले एउटा चिडियाघरमा मयुरलाई भेट्यो । त्यहाँ उसको पिँजडा बाहिर बसेका थुप्रै मानिसले उसको सुन्दरताको बयान गरिरहेका थिए । जब मानिसहरु गए कागले सोध्यो- मयुर साथी तिमी कति सुन्दर छौ । हजारौं मानिस हरेक दिन तिमीलाई हेर्न आउँछन् । मलाई त देख्नासाथ लखेट्छन् । मलाई लाग्छ तिमी संसारकै सुन्दर र खुसी चरा हौ । खुइय सुस्केरा हाल्दै मयुरले भन्यो- मलाई पनि यस्तै लाग्थ्यो साथी । तर सुन्दरता नै मेरो शत्रु बन्यो । यही सुन्दरताका कारण म अहिले चिडियाघरभित्र पिँजडामा कैद बनेको छु । यहाँ तिमीबाहेक अरु चराहरु पिँजडामा थुनिएका छन् । त्यसैले मलाई आफू मयुर नभएर काग भइदिएको भए स्वतन्त्र भएर आनन्दले आफूखुसी जंगलमा घुमिरहेको हुने थिएँ जस्तो लाग्छ । त्यसैले सबभन्दा खुसी म होइन तिमी हौ कागसाथी ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

### बृष

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

### मिथुन

परिस्थितिवश चिताएको काम पूरा नहुन सक्छ । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू मात्र फेला पर्नेछन् । नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला । अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ । तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

### कर्कट

समस्याप्रति गम्भीर नबन्दा दुस्ख पाइनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । समस्या दर्साउँदा सहयोगी फेला पर्नेछन् । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । नसोचेको अवसरले जिम्मेवारी दिलाउन सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै लाभको संवाहक बन्न सक्छ ।

### सिंह

काममा साथीभाइको सहयोग जुट्नेछ । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ । अतिथिको रूपमा सत्कार पाइएला । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । व्यवसायले रमाइलो यात्रा गराउन सक्छ । प्रियभेट हुनुका साथै विशेष उपहार प्राप्त होला । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ । सोखले मालमत्ता जुटाउन प्रेरित गर्नेछ ।

### कन्या

रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुने समय छ ।

### तुला

अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । नयाँ काम प्रारम्भ गर्न केही समय प्रतीक्षा गर्नुहोला । प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ । श्रम परे पनि मिहिनेतले अरूको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगतिका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

### बृश्चिक

परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ । समयमा सजग नबन्दा शुभचिन्तकहरू समेत टाढिन सक्छन् । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । अप्ठ्यारो पर्दा साथ दिनेहरू कमै भेटिनेछन् । सानो भूल गर्दा मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ ।

### धनु

प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । काममा मिहिनेतको फल प्राप्त हुनेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### मकर

अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ । अध्ययनमा धेरै समय दिन नसकिएला । अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली( व्यवहारमा सजग रहनुपर्ला । व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । सोखले खर्च बढाउने हुँदा अर्थ अभाव समेत देखापर्न सक्छ ।

### कुम्भ

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मीन

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ला । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्ला । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ ।

## कलाकार जन्माउँदै टेलिचलचित्र “च्युर्लुङ झ्याइँ”

काठमाण्डौं । नेपाली चलचित्र उधोगमा दिन प्रतिदिन नयाँ नयाँ कलाकार हरुको आगमनले तिब्रता पाएको छ । चलचित्रमा होस या टेलिफिल्ममा समेत नयाँ कलाकारहरुले अभिनया गर्ने मौका पाएका छन् । पछिल्लो समय सामाजिक संञ्जालको बिकाससँगै विश्व साँघुरिएको छ । नेपालकामा पनि एक दशकदेखि संञ्चारको बिकासले तिव्रता लिएको छ दजनौ टेलिभिजन र संञ्चारमाध्यम स्थापनां भएका छन् भने यो संग नयाँ नया चलचित्र,बृतचित्र, म्युजिक भिडियो निर्माणले पनि तिब्रता पाएको छ । जसको कारण कुना कन्दरामा रहेका ब्यक्तिहरुले पनि आफ्नो क्षमता प्रस्तुत गर्ने मौका पाएका छन् । यसले नयाँ कलाकारहरु जन्माउँदैछ ।

यस चलचित्रमा अभिनय गरेका कलाकाहरुले यतिबेला म्युजिक भिडियो तथा नेपाली चलचित्रमा अभिनयमा समेत मौका पाएका छन् । पछिल्ला सयम पछिल्लो समय सामाजिक सञ्जाल र युट्युवको लोकप्रियताले मनोरञ्जनात्मक तथा सन्देशमुलक सामाग्री प्रसारणमा सहजता ल्याई दिएको छ । पछिल्लो समय युवटुव मार्फत प्रशारण भएको च्युर्लुङ झ्याईं नामक धारावाहिक हाँस्य टेलिचलचित्रले नेपाली चलचित्र उधोगमा नयाँ कलाकारहरु लिएर उनिहरुलाई चलचित्र उधोगमा स्थापित गराउने प्रयाश गरिरहेको छ ।

समसामयिक राजनीतिक विषयका साथै समाजमा घट्ने गरेका विकृतिजन्य कृयाकलापको चिरफारलाई मुख्य उदेश्य राखेर सामाजिक भावनाको टेलिफिल्म ‘ च्युर्लुङ झ्याईं’ युवटुयुवमा चर्चा कमाउँदै गएको छ । सात एपिसोड सम्म प्रशारण भईससकको छ । म्युजिक एण्ड मुभी एक्सप्रेस नामक युट्युव च्यानल मार्फत सार्वजनिक भएको टेलिचलचित्रको प्रसारण प्रत्येक हप्ताको शनिबार गरिने निर्देशक तेन्जी लामाले जानकारी दिए । ललितपुर जिल्ला गोदाबरी नगरपालिका ६ काफ्लडाडामा छायाँकन गरिएको सो सिरयका कारण त्यस क्षेत्रको प्रचार प्रचारमा पनि सहयोग पुगेको स्थानीयबाँसी बताउँछन् । भविष्यमा राष्ट्रिय प्रसारणका टेलिभिजनमा प्रसारण गर्ने उदेश्य सहित मेहनतका साथ काम भईरेहेको टेलिचलचित्रका कलाकार दियाना राईले जानकारी दिईन् ।

नेपाली चलचित्रको समेत छायाँकन गरिसकेका रामेश्वर जिरेलको छायाँकनमा निर्माण भएको सो सिरयलमा सुमन श्रेष्ठ (पण्डित), रबिन थापा मगर (दाहिने), , तेन्जी लामा(पासा), राजु श्रेष्ठ(घोप्टे), दियाना राई(पूर्णीमा), टिना मगर (डल्ली), राजबंम ठकुरी(देब्रे) रहेना राई (राम साईली) , श्रिपाल मानान्धर (बाल कलाकार )रजिना मर्हजन लगायतको अभिनय रहेको छ ।

अहिले निर्माण भएका टेलिचलचित्रको ट्रेण्ड भन्दा फरक तरिकाले स्तरीयतालाई समेत ध्यानमा राखेर समय सापेक्ष रुपमा निरन्तर निर्माण गर्ने लक्ष्य रहेका निर्देशक तेन्जी लामाले जानकारी दिए । नेपाली चलचित्र उधोगलाई माया गर्ने प्रतिभावान युवा जमातको समुहले हाँस्य रसमा आधारित यो टेलिफिल्म निर्माणमा जुटेको हो । सो टेलिचलचित्रमा तेन्जी लामाको लेखन तथा निर्देशन रहेको छ ।

## गीतकार किरण पौडेलको शुभकामना गीत सार्वजनिक

गीतकार किरण पौडेलको शब्द र वरिष्ठ सङ्गीतकार गैरे सुरेशको संगित रहेको शुभकामना प्रदेश बाशी लाई बोलको गीत सार्वजनिक भएको छ । यस गितलाई भावना म्यूजिकले वजारमा ल्याएको हो ।

पहिलो नेपाल तारा दिपक लिम्वु र दोश्रो नेपाल तारा सन्तोष लामाले पहिलो पटक एउटै गीतमा स्वर दिएका छन । साथै लिम्बु र लामा लाई निशा देशार, निरा रानाभाट तथा शोभा पाण्डेले पनि स्वरमा साथ दिएका छन । ए वान म्यूजिसियन स्टुडियोमा रेकडिङ्ग भएको यस गितका एरेन्जर आमोश तामाङ्ग र रेकडिस्ट राजेश श्रेष्ठ रहेका छन् । गीतकार पौडेल र सङ्गीतकार गैरे शशस्त्र प्रहरी बलका वरिस्ठ प्रहरी अधिकृत हुन ।

देश संघियतामा गईसकेको अवस्थामा प्रदेशवासीलाई शुभकामना दिईएको यो गीतले शहर देखि गाँउ सम्मको सडक खानेपानी लगायतका विषयवस्तुहरुलाई उजागर गर्न खोजेको देखिन्छ भने विदेशिएका दाजुभाईहरुलाई समेत आफ्नै देशमा गरिखाने माहोल वनाई फिर्ता वोलाउनु पर्ने सन्देश दिन खोजेको छ । राष्ट्रिय भावनाले ओतप्रोत युक्त शब्द रहेको यो गित नेपाली साङ्गितिक आकाशमा रास्ट्रीय गीतको रुपमा चिनिने बिस्वास गर्न सकिन्छ ।

## गाडीको प्रश्नले दिपक दिक्क

हास्यकलाकार दिपकराज गिरीले टाटा कम्पनीको हेक्जा कार किनेपछि त्यसको सञ्चारमाध्यममा निकै चर्चा भइरहेको छ । नेपालमा सर्वाधिक महंगो गाडी चढ्ने सेलिब्रिटीमा उनी दरिएका जो छन् ।

तर, दिपक स्वयम्लाई भने यो चर्चा फिटिक्कै मन परेको छैन । सेलिब्रिटीले चढ्ने गाडीको विषयमा न्यूज बनाइरहनु आवश्यक नभएको उनी तर्क गर्छन् । सञ्चारमाध्यमबाट बारम्बार फोन गरेर गाडीकै विषयमा प्रश्न सोध्न थालिएपछि दिक्क लागेको उनले बताए । अरु चिनेजानेका व्यक्तिहरुले पनि यसैलाई कोट्याएर बधाई दिइरहेका छन् ।

‘तपाईंको गाडीसँगै बसेर इन्टरभ्यू गर्नुर्पयो भनेर पत्रकारहरुले फोन गर्छन्,’ दिपकले भने, ‘मैले त अचेल नचिनेको नम्बरबाट आएको फोनै उठाउन छोडिदिएँ,’ दिपकले भने । दिपकले किनेको गाडी करिब ८० लाख मूल्यको हो ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Coda = संगीत वा साहित्यक रचनाको अन्तिम सार वा सकिने बेलाको प्रस्तुति I like the coda of this very music because it is very distinctive (मलाई यो संगीतको अन्तिम अंश ज्यादै मनपर्दछ किनकि यो आफ्नै किसिमको छ)

Diatribe = नमिठो गाली । तिखो आलोचना It is his quality to remain calm even during the diatribe of the opposition members (विपक्षी सांसदहरूको तिखो आलोचना र नमिठो गाली सुनेर पनि शान्त रहन सक्नु उस्को गुण हो )

Endemic = कुनै विशेष ठाउँ वा समूहमा रहेको । प्रकोप AIDS is endemic especially in Sub-Sahara region of Africa and South Asia (एड्सको विशेष गरी अफ्रिकाको सवसाहरा क्षेत्र र दक्षिण एसियामा प्रकोप रहेकोछ )

Flial = पिटेर झार्नु वा चुट्नु People flial paddy even to these days in the Nepalese villages (नेपालको गाउँ घरमा अझै पनि मानिसहरू हातैले धान चुट्ने काम गर्दछन)

Gyroscope = सन्तुलन कायम गर्ने यन्त्र Gyroscope is used to counteracting the rolling movement of the sea ( समुन्द्रको बेहरी । लहरबाट हुने असन्तुलनबाट जहाजलाई सन्तुलित राख्न जिरोस्कोपको प्रयोग गरिन्छ)

Hypochondriac = आफ्नो स्वास्थ्यको बारेमा अनावश्यक चिन्ता लिने मानिस He is a hypochondriac and thus not liked by his family members ( आफ्नो स्वास्थ्यको बारेमा अनावश्यक चिन्ता लिने मानिस भएको हुँदा उसलाई आफ्नै परिवारका सदस्यहरूले पनि मनपराउँदैनन् )

Imperturbable = शान्त, छिट्टै जोशमा नआउने, धैर्यवान An imperturbable leader always has full command of the situation (एक धैर्यवान नेताले परिस्थितिलाई सधैं आफ्नो नियन्त्रणमा राखेको हुन्छ)

Jibe = अमिल्दो Ram says that Shyam danced very well last night but Shyam says it was not him rather Ram who danced very well. The sayings of these two do not jibe (राम भन्छ- श्यामले हिजो बेलुकी धेरै राम्रो नाच्यो भनेर तर श्यामचाहिँ आफूले होइन रामले पो राम्रो नाच्यो भन्छ । यी दुईको कथन एक अर्कासँग अमिल्दो छ)

Kudos = सम्मान, प्रशंसा । श्रेय She does most of the work but kudos goes to his husband (काम जति सबै तिनी गर्दछिन् तर श्रेय र सम्मान भने सधैं उनको पतिले पाउँछन्)

Libel = अर्काको मानहानी वा गाली बेइज्जती हुने किसिमको वक्तव्य, लेखाई वा भनाइ The trader sued the journalist for libeling him to have adulterated the food (खानेकुरामा मिसावट गर्‍यो भनेर गाली बेइज्जति गरेकोमा व्यापारीले पत्रकार विरुद्ध मुद्दा दायर गरिदिए)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

प्रत्येक व्यक्ति प्रेममा अन्धो हुन्छ कसको भनाइ हो ? • प्राकर्टियस

विवाहको सानो औंठीको घेराभित्र कति फसाद लुकेको हुन्छ कसको भनाइ हो ? • कोलोगिट्स

चीनको ग्रेटवालको पूर्णरुपमा तयारी कहिले भयो ? • २२९ साल

विश्वप्रसिद्ध अंग्रेजी कवि शेक्सपियरको मृत्यु कहिले भयो ? • १६१६ इ.सं.

ग्रीस स्वतन्त्र कहिले भयो ? • १८२७ इ.सं.

इटालीको एकीकरण कहिले भयो ? • २ जुन १८७१

जीवनका नियमहरुसम्बन्धी अध्ययन गरिने शास्त्रलाई के भनिन्छ ? • बाइयोनोमी

प्रकृति र उत्पत्तिसम्बन्धी जानकारी दिने विज्ञानलाई के भनिन्छ ? • कोस्मोलोजी

लुगा धुने सोडा के के मिलेर बन्छ ? • सोडियम, कार्बन, अक्सिजन

कपडामा विश्वास नगर, संसार छर्लंग छ, कसको भनाइ हो ? • शुकरात

नेपालमा बीमा संस्थानको उद्घाटन कहिले र कसबाट भयो ? • २०२४ फागुन ११ श्री ५ महेन्द्र

प्रत्येक व्यक्ति प्रेममा अन्धो हुन्छ कसको भनाइ हो ? • प्राकर्टियस

विवाहको सानो औंठीको घेराभित्र कति फसाद लुकेको हुन्छ कसको भनाइ हो ? • कोलोगिट्स

चीनको ग्रेटवालको पूर्णरुपमा तयारी कहिले भयो ? • २२९ साल

विश्वप्रसिद्ध अंग्रेजी कवि शेक्सपियरको मृत्यु कहिले भयो ? • १६१६ इ.सं.

ग्रीस स्वतन्त्र कहिले भयो ? • १८२७ इ.सं.

इटालीको एकीकरण कहिले भयो ? • २ जुन १८७१

जीवनका नियमहरुसम्बन्धी अध्ययन गरिने शास्त्रलाई के भनिन्छ ? • बाइयोनोमी

प्रकृति र उत्पत्तिसम्बन्धी जानकारी दिने विज्ञानलाई के भनिन्छ ? • कोस्मोलोजी

लुगा धुने सोडा के के मिलेर बन्छ ? • सोडियम, कार्बन, अक्सिजन

कपडामा विश्वास नगर, संसार छर्लंग छ, कसको भनाइ हो ? • शुकरात

## Come बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Come under = अन्तर्गत आउनु What heading does this expense come under? यो खर्च कुन शिर्षक अन्तर्गत आउँछ ?

Come up = उठ्नु This issue can come up as agendum of today's meeting यो कुरा आजको बैठकको छलफलको विषय बन्न सक्छ ?

Come up = उम्रनु These seeds are date expired sothat may not come up यो बिउ म्याद नाघिसकेको हुँदा नउम्रन सक्छ ?

Come up = उदाउनु Tourists go to Nagarkot to see the sun coming up पर्यटकहरु नगरकोटमा सूर्योदय हेर्न जान्छन ?

Come up to = उचाइसम्म आउनु In last expedition Robert has come up to this height without oxygen पछिल्लोपटक रोवर्ट यो उचाइसम्म विना अक्सिजन आइपुगेको हो ।

Come up to = निश्चित स्तरसम्म आइपुग्नु She could not come up to University level because of financial reason वित्तीय कारणले गर्दा उनी विश्वविद्यालय शिक्षासम्म पुग्न सकिनन् ।

Come up against = विरुध्दमा आउनु We have to be ready to counter any issue that can come up against our proposal। हाम्रो प्रस्तावको विरुद्धमा आउने कुनै पनि कुराको विरुद्ध डटनको लागि हामी तयार हुनु पर्दछ ।

Come up for = उठ्नु He can not come up for next election because of hios age उमेरको कारण ऊ अर्को चुनावमा नउठ्न सक्छ ।

Come up with = लिएर आउनु Our party should come up with new slogans to win the heart of the voters मतदाताको मन जित्न हामी नयाँ नारा सँगै लिएर आउनुपर्छ ।

Come up with = कामयावी हुनु To address this problem, it is not possible to come up with certain tactics यो समस्यालाई सम्वोधन गर्न कुनै पनि तरिका कामयावी हुन सक्तैन ।

## सुडोकु-अंक १०१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | | | ७ | | | | |
| | | | | | ५ | | | |
| ९ | ५ | | | | | | १ | |
| | १ | | | ६ | ४ | | | |
| | ९ | ६ | १ | | ७ | ४ | २ | |
| | | | २ | ९ | | | ७ | |
| | २ | | | | | | ५ | १ |
| | | | ९ | | | | | |
| | | | | ३ | | | ८ | २ |

## अंक १०० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | ८ | १ | ७ | २ | ३ | ६ | ९ |
| ३ | ९ | ७ | ८ | ४ | ६ | ५ | १ | २ |
| २ | ६ | १ | ९ | ३ | ५ | ७ | ४ | ८ |
| ६ | ७ | ४ | ५ | ८ | १ | ९ | २ | ३ |
| ९ | १ | ३ | ७ | २ | ४ | ८ | ५ | ६ |
| ८ | २ | ५ | ६ | ९ | ३ | १ | ७ | ४ |
| १ | ३ | ९ | २ | ६ | ७ | ४ | ८ | ५ |
| ७ | ८ | २ | ४ | ५ | ९ | ६ | ३ | १ |
| ५ | ४ | ६ | ३ | १ | ८ | २ | ९ | ७ |

# बाल विकास समाजका कार्यक्रमहरु










## जीवनोपयोगी सीप तालिमको समापन तथा प्रमाण पत्र वितरण

बाल विकास समाजको आयोजना तथा सुरेन्द्र ढकाल प्रतिस्ठानको सहयोगमा ग्राम शिक्षा उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि १० हप्ते जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको थियो । सोही तालिममा आत्म जागरण, प्रभावकारी सञ्चार, अन्तरव्यक्ति सम्बन्ध, निर्णय गर्ने क्षमता सहानुभूती समस्या समाधान सकरात्मक सोचाइ लगायतका विषयमा सहभागहिरुलाई छलफल गराइएको थियो । तालिममा सहभागीहरुले सक्रियतापूर्वक भाग लिएका थिए । संस्थाले एक कार्यक्रमको आयोजना गरी तालिममा सहभागीहरुलाई प्रमाण पत्र वितरण गरेको हो ।

प्रतिस्ठानका अध्यक्ष सुरेन्द्र ढकालको प्रमुख व्यक्तित्वमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा सहभागी किशोरकिशोरीहरुले यस संस्थाले हामीलाई दैनिक जीवनमा उपयोग हुने कुरा तालिमबाट सिकाएको हुनाले हामी धेरै खुशी छौ । त्यसकारण संस्थालाई धन्यवाद दिन चाहन्छौ । अव हामीले सिकेका कुराहरुलाई व्यवहारमा लागू गर्दै अन्य साथीहरुलाई पनि सिकाउने प्रतिवद्धता सहभागीहरुबाट आएको थियो । यसै क्रममा अभिभावक तथा विद्यालयका शिक्षकले पनि कार्यक्रममा आफ्ना कुरा राखेका थिए । तालिममा सिकेका कुराले पढाइमा पनि सहयोग गर्ने हुनाले उपयोगी रहेको कुरा अभिभावकले बताएका थिए । कार्यक्रमका मुख्य व्यक्ति सुरेन्द्र ढकालले किशोरकिशोरीहरुको व्यवहार सुधारमा अभिभावकको पनि त्यत्तिकै भूमिका हुने हुनाले सोही अनुसार व्यवहार गर्नका लागि आग्रह गर्नु भएको थियो । यसैगरी बाल विकास समाजसँग सहकार्य गर्न पाउदा खुशी लागेको र आगामी दिनमा पनि यस प्रकारको सहयोग गर्न तयार रहको कुरा बताउनु भएको थियो ।

## किशोरकिशोरीहरुका लागि जीवनोपयोगी सीप तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुर्‍याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी ग्राम शिक्षा उच्च माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १८ वर्षसम्मका किशोरकिशोरीहरुका लागि १० हप्ते क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको थियो ।

विषेशत तालिममा जीवन उपयोगी सीपको बारेमा सहभागीहरुलाई सिकाइएको थियो । तालिम अहिले दोस्रो हप्तामा चलिरहेको छ । एक विद्यालयका २५ जना विद्यार्थीले तालिममा सिकेका कुरा आ आफ्ना दौतरीलाई सिकाउने र फेरी ५० जनाले आफूले सिकेका कुरा आफ्ना दौतरीलाई सिकाउने यसरी सिकाउँदा १०० जना बालबालिकाहरुले किशोरावस्थामा हुने जोखिमताको बारेमा चेतनशील हुन्छन भन्ने अवधारणबाट यो क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको हो । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । किशोरावस्थाका विद्यार्थीहरुले विशेष गरी सानै उमेरमा विवाह गर्ने र पढाइ छोड्ने विभिन्न साथीको संगतमा लागेर कुलतमा फस्ने आदि समस्याहरु झेलिरहेको अवस्थामा यो तालिमले उनीहरुलाई चेनतशिल बनाइ समस्याको निराकरणका उपायहरु सिकाउदै त्यस उमेर समूहका बालबालिकाहरुले समस्याबाट मुक्ति पाउने अपेक्षा समेत गरिएको छ ।

## अभिभावकहरूसाग छलफल

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुर्‍याउने अवधारणा अनुसार यस समाजलेदिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल काठमाण्डौको कपन फैका बाल विकास समाजको कार्यालयमा संचालन भईरहेको छ। साथै केन्द्रमा प्रत्येक ३ महिनामा अभिभावक भेला गर्ने तथा विभिन्न बिषयमा अभिमुखिकरण कार्यक्रम पनि गर्ने गरिनछ ।

यसै सर्न्दभमा २० गतेका दिन दिवा शिशु स्याहार कार्यक्रम अर्न्तगत अभिभावक भेला सम्पन्न गरीयो ।जस्मा बालबालिकामा आएको परिर्बतन, नयाँ अभिभावकलाई केन्द्रको बारेमा जानकारी गराउने तथा अभिभावकलाई दण्ड सजायको बारेमा पनि जानकारी गराईएको थियो । केन्द्रमा आउने धेरैजसो अभिभावकको बालबालिकालाई पिटेरनै तह लगाउन सकिने वा अनुसासनमा राख्न सकिने भन्ने बुझाई रहेको हुदा बालबालिकालाई पिटाईबाट पर्ने असर र समस्याको बारेमा विभिन्न उदाहरण दिदै छलफल गरिएको थियो । अभिमुखिकरण कार्यक्रममा बाल विकास समाजका तालिम अफिसर गोबिन्द वि क ले सहजीकरण गर्नु भएको थियो । अभिमुखिकरण पश्चात अभिभावकले अबदेखि आफ्नो वा आर्काको बालबालिकालाई नपिट्ने प्रतिबद्धता पनि गरेका थिए ।

खुलेर छलफल गरियो जस्तैः बिना जानकारी बालबालिककालाई केन्द्रमा नल्याउने वा गाउँ जाने समस्याको बारेमा छलफल गर्नु तथा केन्द्रमा गराईने कृयाकलाप तथा राम्रा अभ्यासहरुको बारेमा छलफल गराउने उदेश्यले उक्त बैठकको आयोजना गरिएको थियो । बैठकमा ४५ जना अभिभावकहरुको उपस्थिीती रहेको थियो । बैठकमा बाल विकास समाजका सुपर भाईजर रन्जना गौतम र सहजकर्ताले सहजीकरण गर्नु भएको थियो । बैठकमा केन्द्र प्रति अभिभावकको प्रतिकृया तथा सुझाव पनि संकलन गरिएको थियो । जसमा अभिभावकले केन्द्र प्रति निकेनै सकारात्मक धारणाहरु ब्यक्त गरेका थिए । केन्द्रमा बालबालिकालाई राख्दा आफुहरुलाई काम गर्न सजिलो र ढुक्क भएको र बालबालिकाले आफ्नो घरमा भन्दा पनि राम्रो स्याहार सुसार पाएको र पौष्टिक खानेकुराहरु खान पाएको मा अभिभावकहरुलाई खुसि लागेको पनि बताएका थिए । साथै बालबालिका सफा र राम्रो वातावरणमा हुर्कन र बस्न पाएकोमा पनि खुसि लागेको बताएका छन् ।

## बालबालिकालाई खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुर्‍याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ ।

बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई "बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्य समितीका सदस्यहरु १४ जना बाल विकास समाजका कर्मचारीहरु अन्य संघ संस्था तथा समाज सेवीहरु गरी जम्मा ५३ जनाको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसैगरी समाजसेवी रेखा हमालले केन्द्रमा रहेका बालबालिकाहरुलाई खाजाको व्यवस्था गर्नु भएको थियो । खाजाका लागि लाग्ने खर्च उहाँले संस्थालाई उपलब्ध गराउनु भएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## ऊर्जामा...

खाइरहेको छ । अहिले केपी ओली नै प्रधानमन्त्री भएका बेला ऊर्जा मन्त्री वर्षमान पुनले महत्वकांक्षी स्वेतपत्र जारी गरेका छन् ।

मन्त्री पुनले 'नेपालीको पानी जनताको लगानी, हरेक नेपाली विद्युतको शेयर धनी' भन्ने कार्यक्रम अघि सारेका छन् । ऊर्जा मन्त्रीको कार्यक्रमप्रति आकर्षित भएर स्वदेश तथा विदेशका नेपाली नागरिकले दिल खोलेर लगानी गर्ने वातावरण बनाउन सरकारले लगानी नडुब्ने ग्यारेन्टी गर्न सक्नुपर्छ । अहिले जलविद्युत विकास कम्पनीमा शेयर किन्नेहरुले समेत टाउकोमा हात राख्नुपर्ने अवस्था छ भने चिलिमे बाहेकका जलविद्युत् कम्पनीका शेयर मूल्य अत्यन्तै न्यून भएको अवस्था छ ।

सरकारले विश्वासिलो वातावरण बनाएको खण्डमा जनता शेयर किन्न तयार छन् । अहिले १० कित्ता शेयरका लागि हारालुस गर्नुपर्ने अवस्थामा हरेक घरधुरीले अनिवार्य रुपमा शेयर लिन पाउने व्यवस्था मिलाउनु राम्रो पक्ष हो । कतिपय निजी क्षेत्रका जलविद्युत कम्पनीले जनताको करोडौं रुपैयाँ शेयर लगानी उठाएर लामो समयसम्म उत्पादन नगरी जनतालाई प्रतिफल शून्य बनाइदिएका छन् । त्यसैगरी समयमै प्रसारण लाइन नबनाइदिएका कारण सम्पन्न भएका विद्युत आयोजनाको बिजुली सेन्ट्रल ग्रिडमा जोडिन सकेको छैन । त्यसैले ऊर्जा मन्त्रालयले यस क्षेत्रका सबै समस्या केलाएर राम्रो व्यवस्थापन गरी जनतासँग लगानी आह्वान गर्न आवश्यक छ ।

## भारतमा...

कार्यालयले एयर इन्डियाको एयरपोर्ट म्यानेजरलाई सम्बोधन गरेर पठाएको सर्कुलरमा नेपाली र भुटानी नागरिकलाई चीन, हङकङ, मकाऊ, माल्दिभ्स र पाकिस्तानबाट भारत आउँदा अनिवार्य प्रवेशाज्ञा सुनिश्चित हुनुपर्ने उल्लेख छ । यी देशबाट भिसा बिना नेपाली वा भुटानी यात्रु ल्याएको पाइएमा भारतीय गृह मन्त्रालयले जारी गरेको क्यारियर लायबिलिटी एक्ट अनुसार कारबाही हुने उक्त सर्कुलरमा उल्लेख छ । तर यसबारे भारतीय अध्यागमन ब्युरोले नेपाललाई औपचारिक जानकारी गराएको छैन ।

## जनकपुरदेखि...

सुरक्षाकर्मी चार दिनअघि नै काठमाडौं आइसकेका छन् । सयौं भारतीय सेना नेपाल आइसकेका छन् त्यो पनि अत्याधुनिक हतियारका साथ । भारतीय सेनाको बाक्लो उपस्थितिले नेपालको स्वतन्त्रताकै शिर निहुराइदिएको छ । नेपाली सेनाले मोदीले नेपालभर जुनसुकै स्थानमा भ्रमण गर्ने भए पनि 'क्लोज प्रोटेक्सन' मै सुरक्षा दिन सक्षम रहेको बताएको थियो । तर भारतीय सुरक्षा अधिकारीले जनकपुर र मुक्तिनाथको भ्रमण देखाएर बाक्लो संख्यामा भारतीय सुरक्षाकर्मी तैनाथ गरेको छ । भारतीय वायुसेवाको विमानले मोबाइल जामर दुईवटा बुलेटप्रुफ गाडी र क्लोज प्रोटक्सनका लागि ६१ सुरक्षा अधिकारी ल्याएको छ ।

सरकारको समन्वयमा भारतीय सुरक्षा अधिकारी नेपाल आएकाले नेपाली सेनाले त्यसबारे कुनै प्रतिक्रिया दिएको छैन । नेपाल सरकारले मोदी भ्रमणका समयमा जनकपुरमा करिब ७ हजार, मुक्तिनाथ पोखरामा थप फौज र काठमाडौंमा झन्डै ११ हजार सुरक्षाकर्मी परिचालित गर्ने भएको छ । मुक्तिनाथ जाने पैदलमार्ग बन्द गरिएको छ भने त्यहाँ भारतीय सुरक्षा अधिकारीहरु तैनाथ रहेका छन् । मोदी चढेको गाडीको अगाडि र पछाडि भारतीप्य सेनाको गाडी हुनेछ । मोदी भ्रमणको प्रत्यक्ष प्रसारणका लागि भारतीय मिडियाको उपस्थिति पनि बाक्लिएको छ । स्वतन्त्र राष्ट्र नेपालको होइन, भारतको नेपालाञ्चलको झल्को दिने गरी मोदी भ्रमणलाई भारतीय विद्युतीय सञ्चारमाध्यमहरुले प्रसारण गर्दैछन् । नेपाली भूमिमा उनको सुरक्षा नेपाली सुरक्षाकर्मीको दायित्वको विषय हो । तर भारतले नेपाली सुरक्षाकर्मीलाई विश्वास गरेन । सुरक्षाको बहानाबाजी बनाएर नेपालमा भारतीय फौजको तैनाथ देखाउने र बाह्य जगतमा नेपाल भारत नियन्त्रित भूभाग हो भनेर रवाफ गर्ने भारतीय संस्थापन पक्षको चाहना प्रस्ट देखिन्छ ।

मोदी जता जता जानेछन्, भारतीय सेनाले त्यतै त्यतै मार्चपास गर्नेछन् । यतिमात्र होइन, नाकाबन्दीको कहर झेलेका नेपाली जनताको आवाजको बेवास्ता गर्दै मोदीको भ्रमण जहाँ हुन्छ, त्यतै नागरिक अभिनन्दनका नाममा 'हरहर मोदी घरघर मोदी' को जयजयकार गर्दैछ । मोदीलाई नागरिक तहमा अभिनन्दन गर्न नेपाली जनता तयार देखिँदैनन् । भूकम्पले थिलथिलो भएको नेपालले क्रुर र अमानवीय भारतीय नाकाबन्दीको सामना गर्नुपरेको थियो । १ सय ३५ दिनसम्म मोदीले नेपाली जनताको चुल्हो बल्न दिएनन् । सन् २०१४ मा भारी बहुमतले भारतको प्रधानमन्त्रीमा निर्वाचित भएपछि पहिलो पटक नेपाल भ्रमणमा आएका मोदीलाई नेपाली जनताले भव्य स्वागत गरेका थिए ।

दोस्रो पटक सार्क शिखर सम्मेलनमा भाग लिन काठमाडौं आएका मोदीले सर्वस्वीकार्य संविधान बनाउन नेपाललाई हुकुम फर्मान गरेपछि उनी आलोचित बने । संविधानसभाले संविधान जारी गर्नुपूर्व आफ्नो विशेष दूतका रुपमा तत्कालीन विदेश सचिव एस जयशंकरलाई काठमाडौं पठाएर संविधान रोक्ने असफल जमर्को गरे । जब संविधानसभाले संविधान जारी गऱ्यो मोदीले नेपालमाथि अघोषित नाकाबन्दी लगाए । भूपरिवेष्ठित नेपाललाई भारतवेष्ठित बनाइराख्ने भारतीय संस्थापन पक्षको मुराद अहिले पनि त्यत्तिकै छ ।

मोदीले नेपाललाई नाकाबन्दी लगाउनु गलत थियो भनेर अझै स्वीकारेका छैनन् । न त नेपालको संविधानकै समर्थन गरेका छन् । तीन वर्षे आफ्नो कार्यकालमा उनी तीनपटक नेपाल भ्रमणमा आएका छन् । उनको भ्रमण छिमेकलाई प्राथमिकता होइन, नेपाल भारत आश्रित मुलुकका रुपमा अन्तर्राष्ट्रिय सन्देश प्रवाहित गर्न उद्यत छ । नाकाबन्दी गरेर नेपाली जनजीवन र अर्थतन्त्रलाई तहसनहस बनाउने मोदीको नागरिक अभिनन्दन गरिनु ओली सरकारको 'राष्ट्रवाद' स्खलित भएको प्रमाण मात्र होइन, लम्पसारवादको सटिक उदाहरण समेत हो ।

भारतीय नाकाबन्दीको डटेर सामना गरेका कारण राष्ट्रवादी छवि बनाएका प्रधानमन्त्री ओली भारत भ्रमण गएपछि त्यत्तिकै आलोचनाका पात्र बनेका छन् । चीनबाट तेल ल्याउँछु भन्ने ओलीले भारतीय पेट्रोलियम पाइपलाइन पो भित्र्याए । चीनले केरुङ हुँदै काठमाडौंसम्म रेल लाइन विस्तार गर्ने 'होमवर्क' गरिरहेका बेला ओलीले 'आउट डेटेड' भारतीय रेल रक्सौलबाट काठमाडौं ल्याउन सहमति दिए । चिनियाँ रेल सञ्जालसँग नेपाललाई जोड्न नदिने भारतीय रणनीतिको साक्षी किनारा बसे ओली ।

चिनियाँ राष्ट्रपति सिन जिन पिङको ड्रिम महत्वकांक्षी परियोजना बीआरआईमा हस्ताक्षर गरेको नेपाललाई त्यसबाट ब्याक गर्न भारत चलाखीपूर्ण तबरले लागिरहेको छ । राष्ट्रियताका सन्दर्भमा समेत ओली चिप्लिँदै गएका छन् । कालापानी र सुस्ता भूभागको नेपाली स्वामित्वबारे ओली मौन बस्नु रहस्यमय छ । मधेस आन्दोलनको विरोध गरेका ओली शक्तिशाली प्रधानमन्त्री भए पनि मोदीको जनकपुर भ्रमणले उनको हुर्मत लिएको छ ।

जनकपुरमा प्रदेश दुईका आप्रबासी भारतीयहरुलाई मोदी स्वागतमा उतारिएको छ । विहार र युपीबाट समेत भारतीयहरु जनकपुर ओइरिएका छन् । मोदीमय बनेको जनकपुरमा ओलीको अस्तित्व कतै देखिँदैन । मोदी जनकपुर भ्रमणले थाती रहेको संविधान संशोधनको मुद्दालाई फेरि उठाउँदैछ र ओलीको राष्ट्रवाद धरापमा पर्दैछ । ओली सरकारले मोदी स्वागतको काठमाडौं तयारी जसरी गरेको छ, त्यसले राष्ट्रिय आत्मसमर्पणवादी चिन्तनलाई सतहमा ल्याएको छ ।

भारतले नेपालका २६ जिल्लाको ८६ स्थानमा सीमा अतिक्रमण गरेको छ । अन्तर्राष्ट्रिय कानुन विपरीत दशगजा क्षेत्रमा भीमकाय बाँध र सडक बनाएर भारतले नेपाली भूभागलाई डुबानमा पारेको छ, जनता विस्थापित हुन बाध्य छन् । नेपालमाथि थुपारिएका असमान सन्धि र सम्झौताहरुका विषय छन् । नेपालसँग गरेका सम्झौताहरु भारतले कार्यान्वयन गरेको छैन । भारतसँगको व्यापारघाटा अत्यासलाग्दो छ । विराटनगरमा फिल्ड अफिस राखेर नेपालको सार्वभौमिकतामाथि भारतले अतिक्रमण गरिरहेको छ । भारतीय दुताबासले साना अनुदान विकास परियोजना सञ्चालन गर्ने पुनः अधिकार पाएको छ । यी विषयहरु मोदी भ्रमणमा ओली सरकारले उठाउनेमा सर्वत्र आशंका गरिँदैछ ।

## भारतीय वायुसेनाको...

सीमा जोडिएको क्षेत्रमा भारतीय वायुसेनाका हेलिकप्टरलाई निर्वाध रुपले चक्कर लगाउन दिनुले नेपाल सरकारको नियतमाथि समेत छिमेकी देश चीनले शंका गर्न बेर छैन । फ्रि तिब्बतको पक्षमा रहेको भारतले चीनको स्वशासित क्षेत्र तिब्बतमा भइरहेको चिनियाँ गतिविधि बुझिरहेको आशंका गरिएको छ ।

## भारतीय अतिक्रमणमा...

तत्कालीन गिरिजा सरकारले सुस्ता र कालापानीबाहेकका सबै सीमा समस्याहरु समाधान भएको समझदारी भारतसँग गरेको छ ।

धेरै पटकको छलफल र वार्तापछि पनि अझै सिमाविद्हरुको दाबी अनुसार भारतले नेपालका ६१ ठाउँमा ६० हजार हेक्टर भूमि अतिक्रमण गरेको छ । भारतसँग सीमा जोडिएका २६ जिल्लाका विभिन्न भूभागमा अतिक्रमण भइरहेका छन् । नापी विभागका अनुसार नेपाल र भारतबीच नदी सिमाना ६४० किमी रहेको छ भने जमिन सिमाना एक हजार दुई सय चालीस किमी छ । नदीले आफ्नो जलाधार परिवर्तन गर्ने हुनाले नदी सिमानामा अतिक्रमण बढेको सिमाविदहरु बताउँछन् । भारतले दशगजा अतिक्रमण, सीमा क्षेत्र अतिक्रमण, नदी बहावको विपरीत सिमानामा बाँध बाँधेर सीमा स्तम्भहरु भत्काउने र गायब गर्ने नेपालतर्फको अन्नपात हडप्ने, सीमा सुरक्षाबल प्रयोग गरेर नेपालका सीमाभित्र नेपाली भूमिभित्रका गाउँहरु कब्जा गर्ने नेपाली भूमिभित्र सैनिक क्याम्पहरु खडा गरेर सीमा अतिक्रमण गर्ने गरिरहेको छ ।

दार्चुलाको कालापानी क्षेत्रमा ३७ हजार हेक्टर नवलपरासीको त्रिवेणीमा १४, ८६० हेक्टर, कञ्चनपुरको टनकपुरमा २२२ बिघा जमिन भारतले मिचेको छ । ब्राह्मदेव मण्डीमा सीमा स्तम्भ गायब गरेर अतिक्रमण गरेको छ । परासन रामपुर मुण्डा टिल्टा क्षेत्रहरुमा १० बिघा, झिलिमिलिया क्षेत्रमा १५ बिघा, बेलडानीमा १५ बिघा, शुक्लाफाँटमा २४ वर्ग किमी, शारदा ब्यारेजमा १४.८५ हेक्टर जमिन अतिक्रमण गरिएको छ । बर्दियाको परासन क्षेत्रमा ६७.५ बिघा सालापुरमा ७० बिघा, पर्साको डोरी क्षेत्रमा २० बिघा, अर्ले सिर्सियामा ५ सय बिघा, झापामा ९५ हजार बिघा जमिन भारतले मिचेको छ । रौतहट, सुनसरी, इलाम, ताप्लेजुङ, कैलाली, लिम्पियाधुरा, कालापानी, वनबासा क्षेत्र कञ्चनपुर बर्दिया, चितवन, सिराहा, सप्तरी, इलाम, पाँचथर लगायतका जिल्लामा भारतले सीमा अतिक्रमण गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणमा अतिक्रमणमा परेका नेपाली भूभागबारे नेपाल सरकारले कुरा उठाउन सक्नुपर्छ ।

## भारतीय अतिक्रमणको...

भारतीय सुरक्षाकर्मीको गोलीबाट मारिएका थिए । गौतमको हत्यापछि चर्किएको आन्दोलन शान्त पार्न भारतीय सुरक्षाकर्मीले माफी माग्ने र क्षतिपूर्ति दिनेसम्मका कुरा भए तापनि अहिलेसम्म सहिद गोविन्द गौतमको परिवारलाई क्षतिपूर्ति दिइएको छैन । गोली हान्ने सुरक्षाकर्मीलाई पनि कुनै कारबाही भएन । यो घटनाका बारे पनि मोदीसँग कुरा उठाइयोस् भन्ने माग पुनर्वासबासीको रहेको छ ।

## मलाई पो...

नामक तस्कर सम्राट मारिँदा नेपालका भावी प्रधानमन्त्री भनिने गगन थापा उनका ससुरा अर्जुननरसिंह केसी समूह, भीमसेन दास भनिने कांग्रेस समूह सबै आफ्नो आम्दानीको मनचिन्ते कामधेनु वृषभ मारिँदा राजेन्द्र पाण्डेकै जस्तो भूमिका निर्वाह गरे । मधिसे पार्टीका कोटाबाट न्यायाधीश हुँदै सर्वोच्चसम्म पुगेका मा. न्यायाधीश परमानन्द झाले अर्का गुण्डा सरदारलाई अदालतबाट सफाइ दिँदा पढेको थियो पत्रिकामा तीन करोड दक्षिणा लिएका थिए । जसले निमेकको सोझो गर्दै उपराष्ट्रपति पदको शपथ ग्रहण गर्दा नेपालको राष्ट्रिय पोशाकलाई बहिष्कार गरी भारतीय दुई चुचे गान्धी टोपी, धोती कुर्ता लगाई हिन्दीमा शपथग्रहण गरेर नेपाली भाषा जान्दिन भने । न्यायधीश हुँदा पनि सायद हिन्दीमै लेखापढी गरेछन् कि ? यिनका सहोदर भाइ आफ्नै देश दरभंगामा साइकल मर्मत गरेर बसेका ६।७ वर्ष पहिले भारतीय न्युज पेपरमा पढ्ने मौका पाएको थिएँ ।

जेलमा रहेका गणेश लामा नेपाली कांग्रेस (गच्छदार समूह) का चुनावमा धाँधली गरेर जिताउने र आम्दानीका स्रोत गुण्डा सरदार हुन् भने सबै पार्टीका तस्कर सम्राट हुँदा रहेछन् । आफ्ना पार्टीका आफूभन्दा धेरै त्याग, तपस्या गरेका सुयोग्य राजनेताहरुलाई पाखा लगाई ती तस्करहरु वा धेरै चन्दा दिने उद्योगपतिहरुलाई समानुपातिकबाट सोझै प्रतिनिधि सभाको सदस्यमा नियुक्त गर्छन् । यस प्रकार ठूला पार्टी भनिएका र अन्य चल्तापुर्जा पार्टीका पनि चुनाव जित्न र धनोपार्जन गर्न छुट दिनु भन्ने सुरक्षाकर्मीहरुलाई सत्तामा रहेका नेताहरुले कडा निर्देशन दिएका हुनाले उपल्लो तहका सुरक्षाकर्मीले पक्रिनुको साटो उलाम ठोक्छन् ।

इमान भनेको कुनै पार्टीका नेतामा पनि छैन । सत्ता त्याग्ने बेलामा देउवाले एमाले सरकार असफल होस् भनी देशको ढुकुटी नै रित्तो पार्ने प्रयास गरेका थिए । जुनसुकै पार्टीले पनि यस्तो कुकर्म गर्दारहेछन् । देउवा मात्र होइन, यस्तो कुकर्म गिरिजा, माधव, झलनाथ, प्रचण्ड, ओली मात्र होइन सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, तुलसी गिरीहरुले पनि गर्दै आएका थिए । राजदूत, सचिव, प्रमुख आयुक्त, आयुक्त, प्रहरी, सैनिक आदि इत्यादि हरेक निकायमा यिनीहरुले सकेसम्म नसके भागबन्डा गरेर नियुक्त गरेका हुन्छन् अनि के गरी स्वच्छ प्रशासन हुन्छ देशमा ?

त्यसैगरी राष्ट्राध्यक्षको गरिमामय राष्ट्रपतिको पदमा अत्यन्त सुयोग्य व्यक्ति भरतमोहन, अमिक शेरचन, वामदेव, झलनाथ, निष्कलंक छवि भएका लालबाबु पण्डित, गोकर्ण बिष्ट, पम्फा भूसाल, जय पुरी घर्ती आदि दर्जनौं दर्जन हस्ती हुँदाहुँदै म्याद गुज्रेको पनि सात महिना १२ दिन भएको प्रा.डा. गोविन्द केसी, सर्वोच्च अदालतकै मा. न्यायाधीश चोलेन्द्रले सर्वाजनिक रुपले घोषणा गरी इजलास बहिष्कार गरेका हरेक पत्रपत्रिका, एफएमहरुले बराबर समाचारहरुमा ५।५ पटक जालसाजी किर्ते गरी स्कुल सर्टिफिकेट र नागरिकताको प्रमाणपत्र बनाउने सर्वोच्च अदालतका प्र.न्यायाधीश गोपालप्रसाद पराजुली भन्दै आएकामा थप न्या.परिषद्का सचिव नृपध्वज निरौलाले ०७४।११।३०।४ प्रात ११:३० मा राष्ट्रपति प्रम, प्र.न्या. आदि सम्पूर्ण निकायका पदाधिकारीका हातहातमा पठाई विश्व चर्चित विषय हुँदाहुँदै पनि दुईटा आश्चर्यजनक घटना घटे १ चाहिँ दर्जनभन्दा बढी राप पदका प्रत्यासी हुँदाहुँदै पनि पूर्व राप नै चयन हुनु र निर्विरोध भनेर घोषणा गरिनु अर्को सर्वथा अयोग्य गोपाल पराजुलीबाट सपथ ग्रहण गरिनु त्यसमा पनि विश्व हल्लेको अपरान्ह चार बजेर ३० मिनेटमा । ओलीजीको किचेन क्याबिनेट सानो भए पनि कति शक्तिशाली रहेछ त कुनै प्रत्यासीले पनि उम्मेदवारी दिन सकेनन् ।

अर्को दीपक जोशी, अनुपराज, सुशीला कार्की, प्रथम प्रधानन्यायाधीश हरिप्रसाद प्रधान वा चोलेन्द्र शमशेर जस्ता न्यायाधीशले नगर्ने एमाले पार्टीकी पूर्व सांसद एवं वरिष्ठ अधिवक्ता एवं एमाले कोटाबाट हरिकृष्ण कार्कीजीहरुकै बेन्चमा सँगै सर्वोच्च अदालतका लागि न्यायाधीशमा नियुक्त भएकी न्या.माननीय सपना मल्लले जालसाजी किर्तेबाट साधारण मतदाता र उम्मेदवार बन्न पनि अयोग्य भएका व्यक्तिबाट शपथ दिलाइन्छ र लिइन्छ भने अहिलेका राष्ट्राध्यक्ष शासनाध्यक्ष कस्ता रहेछन् एवं रिटलाई रद्द गर्ने एमालेकी पूर्व वरिष्ठ वकिल एवं सांसद सपना मल्लहरुको कस्तो अपूर्व संयोग, आफ्नो हात जगन्नाथ अथवा काले काले मिलेर खाउँ भाले भन्ने उखान चरितार्थ हुन्छ ।

यस्तो कुकर्म हजारौं वर्ष पहिले कद्रुले सूर्यका सेता साटैवटा घोडालाई आफ्ना छोरा नातिहरुलाई लपेटिन लगाई काला पारेर विष्णुवाहन गरुडकी आमा बिनतालाई दासी बनाउने कुकर्म गरेकी थिइन् र अरु पनि यस्ता धेरै कुकर्म भएका थिए ।

सायद देवताहरुले आकाशवाणीद्वारा भविष्यमा हुने घटना विदित गराएझैं सन् १८०२ को अप्रिल २ तारिखमा डेनमार्कमा जन्मेका हान्स कृस्टियन एन्डरसन नामक डेनिसले 'द इम्पेरर्स न्यु क्लोथ' नामक कपोलकल्पित उपन्यास नभएर नेपालका वर्तमान राष्ट्रपति र प्रम ओलीलाई परिलक्षित गर्दै यो भविष्यवाणी गरेका त होइनन् ?

इमपेररले नयाँ कपडा लगाइसकेपछि त्यस सार्वजनिक औपचारिक समारोहमा उपस्थित अबोध बालबालिकाहरु आवरणविहीन सम्राटलाई देखेर आँखा कान मुख छोपेर हाँसेका थिए, कहिँ मेरो हँसाइ र आश्चर्य पनि त्यस्तै त होइन । ती लेखक डेनिस ईश्वरीय प्रतिनिधि त होइनन् ?

मैले न्यायपालिका वा राष्ट्रपति अथवा संवैधानिक पदासीन व्यक्ति जो निर्दोष छ त्यस व्यक्तित्वको कहिल्यै पनि अपमान गरेको छैन कहिल्यै गर्दिन पनि । न्यायपालिका वा संवैधानिक अयोग मात्र नभएर सम्पूर्ण सम्मानित कार्यालयहरुको सदैव सम्मान गरिरहन्छु । परन्तु सार्वजनिक पदमा रहेर कसैले देशलाई नंग्याई विश्वलाई हँसाउँदै अपमानित गराउने धृष्टता गर्छ भने त्यस्ता भ्रष्टाचारको म सदैव असन्तोष व्यक्त गरिरहनेछु किन संकटको सामना गर्नु नपरोस् ।

कुकर्मीहरु निर्लज्जताका साथ भन्नेछन् हजारौं लाखौं रुपैयाँका परिधान, आवरण, सुटपेन्ट राष्ट्रिय पोशाक लगाएको छु के को लाज, लाज त छोपिएको छ । परन्तु लगौंटीले छोपिने लाज लाखौं रुपैयाँका परिधानले पनि छोप्दैन । यसैले २०७४ सालको उत्तरार्द्धको नेपालको घटनाले म साह्रै लज्जित भएको छु ।

## मालेले...

नेपालमा मार्क्सवाद लागू गर्न एमाले र माके दुवै असफल भई संसदवादमा भासिन पुगेको बताउनुभयो । यिनीहरुले मार्क्सवादको नाममा राष्ट्रघात र भ्रष्टाचार गरी नवसंभान्तवादको उत्थान गरेको बताउँदै नेकपा मालेको नेपाल चिन्तनलाई लागू गर्ने अवस्थामा मात्रै नेपालमा मार्क्सवाद सही रुपमा लागू भई राजनीतिक स्थायित्व हुन गई देशले सामाजिक आर्थिक उन्नति गर्न सक्ने बताउनुभयो । नेकपा मालेका स्थायी कमिटी सदस्य डम्वर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा अर्का स्थायी कमिटी सदस्य कुमार वेलवासेले कार्यक्रममा सबै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

यसैबीच मोदीको नेपाल भ्रमणको उद्देश्यबारे नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरेको छ । प्रकाशित विज्ञप्तिमा भनिएको छ- नेपालका प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण (२३-२५ चैत्र, २०७४) ले नेपाल-भारत सम्बन्धमा नाकाबन्दीद्वारा लागेको घाउ पुरियो भनिए पनि त्यस्तो भएको प्रमाणित हुने कुनै ठोस काम भारतीय पक्षबाट गरिएको छैन । प्रम केपी ओली र भारतीय प्रम नरेन्द्र मोदीले २४ चैत, २०७४ मा जारी गरेको १२ बुँदे संयुक्त प्रेस विज्ञप्तिमा नेपालको संविधानप्रति कुनै समर्थन-भाव व्यक्त गरिएको र त्यसमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डताप्रति सम्मान समेत जनाइएको छैन । नेपाल-भारत सम्बन्ध थप बिग्रिनुको ताजा कारण मोदी-सरकारले नेपालविरुद्ध ५ महिने नाकाबन्दी (२०७२ असोज-माघ) लगाउनु नै थियो । स्मरण रहोस् त्यस नाकावन्दीको उद्देश्य नेपाललाई सिक्किमीकरणको दिशामा लैजान नेपालको संविधानलाई भारतीय रणनीति अनुसार संशोधन गराउनु हो भन्ने ठोस यथार्थ कसैसंग लुकेको छैन । भारतीय शासकहरूले यस रणनीतिमा कुनै परिवर्तन गरेका छैनन् । अहिले हुँदै गरेको मोदी भ्रमणले नेपाल र भारतबीच पहिलेदेखि थाँतिरहेका समस्याहरु समाधान नगर्ने तर उच्चबाँध लगायतका नेपाल हितबिरोधी नयाँ समझदारी र सम्झौता गरिने त होइनन् समस्त देशवासीहरु चनाखो हुनु आवश्यक छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यही बैशाख २८ गतेबाट हुने नेपाल भ्रमणलाई केन्द्र सरकार होस् वा २ नं. प्रदेश सरकारले गरेको तयारी र प्रचारको पाटो तथा भ्रमण कार्यक्रमहरु हेर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई विदेशी प्रधानमन्त्रीको कुटनीतिक मर्यादा तथा सम्मान कम र "नेपालका भाग्यविधाता" बनाउने उपक्रम धेरै भएको प्रष्ट देखिएको छ । २०७२ सालमा भारतद्वारा नेपालमा लगाइएको अघोषित नाकाबन्दीबाट नेपाली सर्वसाधारण जनताको जनजीवन कष्टकर बनाउने दुष्कर्म गरेका भनी राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा नेपाली जनता विरोधी पहिचान बनाएका मोदीलाई तथाकथित "नागरिक अभिनन्दन" गरिनु अस्वभाविक मात्र नभएर नेपाली सर्वसाधारण जनताको घोर अपमान पनि हो ।

नेकपा (माले) को ठोस अभिमत के हो भने मोदी भ्रमणमा नेपालको संविधानमा भारतीय शासकवर्गको समर्थन जुटाउने, सिमानामा बनाइएका बाँध लगायतका भौतिक निर्माणहरुले बर्सेनी तराई डुबानको समस्याबाट व्यापक जनधनको क्षति हुने अवस्था निराकरण गर्न त्यस्ता संरचनाहरु भत्काउने, नेपाली अर्थतन्त्रलाई गम्भीर असर पार्दै आएको नेपाली निर्यातलाई सुचारु गर्ने, कालापानी तथा सुस्ता लगायत भूअतिक्रमण गरिएका लगभग ६ दर्जन स्थानबाट भारतीय अतिक्रमण हटाउने, सीमा नियमन गर्ने, झोलामा खोला हालेका तर केही पनि काम नगरेका भारतीय जलविद्युत कम्पनीहरुलाई खारेज गर्ने लगायतका तमाम विषयहरुमा नेपाली जनता र राष्ट्रको हित हुनेगरी परिणामदायी बातचित गरियोस् तथा नेपालहित बिरोधी नयाँ सन्धि र समझदारी नगरियोस् ।

## को थिए ?...

थुप्रै आइमाई छन् कति त निकै सुन्दर पनि छन्, तर म अरुमा कहाँ त्यस्तो चीज भेट्न सक्छु जसका प्रत्येक रेखाले अनुहारको चाहुरीले समेत मेरो जीवनका उत्कृष्ट दिनहरुको सम्झना गराउँछन् । प्रिय जेनी, म तिम्रो प्यारो अनुहारमा चुम्बनको वर्षा गर्छु र सबै कस्टहरु बिर्सन्छु ।' पत्नीबारे मार्क्सले एक प्रसंगमा यसरी लेखेका छन् । जब मार्क्सले लाडप्यार खन्याएका एक छोरा बिते उनी अत्यन्त विह्वल बने । उनले लेखेका छन्- मुटुबाट रगतको धारा बग्न थाले जस्तो लाग्छ, आगो दन्किए जस्तो टाउको राँकिन्छ । यस्तो अवस्थामा पनि मार्क्सले जीवनबाट हरेस खाएनन् । पेरिसमा निर्वासित जीवन बिताइरहेका मार्क्सलाई पेरिसबाट खेदाउन जर्मन सरकारले फ्रान्स सरकारलाई दबाब दियो । मार्क्स पेरिस छोडेर ब्रसेल्स गए । १८४८ मा ब्रसेल्सबाट पनि उनलाई हटाइयो । मार्क्स त्यसपछि जर्मन पुगे । त्यहाँका क्रान्तिकारी गतिविधिमा उनी लागेपछि जर्मन सरकारले फेरि उनलाई देश निकाला गऱ्यो । १८४९ मा उनी लण्डन गए । लण्डन जानुपूर्व नै मार्क्सले कम्युनिस्ट घोषणापत्र लेखिसकेका थिए । जर्मन सरकारले लखेटेपछि उनले जर्मनी नागरिकता त्यागिदिए । मार्क्सको नागरिकता राज्यविहीन मान्नुपर्छ । १८६७ मा मार्क्सको 'पुँजी' प्रकाशित भयो । मार्क्स एक महान दार्शनिक, समाजवादी, राजनीतिक चिन्तक र समाजशास्त्रीका रुपमा विश्वविख्यात बने ।

मान्छेको जीवन भौतिक छ, भौतिक जीवनको उत्पादन आफैंले गर्छ । परिस्थितिहरु मान्छे आफैंले जन्माउँदै जान्छ । मुक्ति, मोक्ष, दुःखसुख सबै कुरा अलौकिक होइनन् । भौतिक जीवनमा पाइने सुख नै सुख हो । मोक्ष मानवीय समाजमै पाइन्छ । मुक्तिका लागि मान्छेले नै प्रयत्न गर्छ । ईश्वरले अह्राएको खटाएको रुपमा 'मान्छे' को अस्तित्व रहने होइन, भनेका छन् मार्क्सले । उनले मानवले आवश्यकता पूरा गर्न जे कर्म गरे त्यही आधारमा भाषा विज्ञान प्रविधि लगायतका सबै कुरा सृष्टि भएको भने न कि कुनै धर्म वा ईश्वरले । एउटाले कमाइ गर्ने अर्कोले फल दिने यथार्थतालाई उनले अतिरिक्त मूल्यको सिद्धान्तमा व्याख्या गरेका छन् । श्रमको मूल्य मालिकले पूरा दिँदैन थोरै दिएर शोषण गर्छ भनेर व्याख्या गरे । पुँजीवादको चरित्र स्वामित्व केन्द्रित शोषण केन्द्रित हुँदै जानेतर्फ उनले औंल्याएका छन् । श्रमिकलाई शोषण गरेको मूल्य थुपारेर पुँजीपतिहरु पुँजीपति बन्छन् भन्ने सिद्धान्त उनले प्रतिपादन गरे । मान्छेले आफूले उत्पादन गरेको आफूले उपभोग गर्न पाउँदैन, अन्याय त्यहीबाट सुरु हुन्छ । धनी र गरिबबीच टकराज सुरु हुन्छ । हुनेहरु विरुद्ध नहुनेहरुले संघर्ष गर्नुपर्छ र आफ्नो जीवनको समस्या आफैंले समाधान गर्नुपर्छ भनेर मार्क्सले सिकाए । महिलाले पुरुषसरह ज्याला पाउनुपर्छ भनेर पहिले आवाज उठाउने मार्क्स नै थिए ।

कार्लमार्क्सको विचार पद्धति र उनका विचारहरुको समष्टिगत सार नै मार्क्सवाद हो । मार्क्सवादको प्रतिपादन मार्क्स र एंगेल्सबाट भएको थियो । मार्क्सवाद भनेकै यी दुईको विचारहरुको प्रणाली हो । आईएसएम शब्दको नेपाली अनुवाद हो वाद । सामाजिक आर्थिक व्यवस्था र विचार पद्धति, वैचारिक व्यवस्था जनाउने अर्थमा 'वाद' को प्रयोग गरिन्छ । मार्क्सवादको उत्पत्ति र विकासमा एंगेल्सको महत्वपूर्ण योगदानहरु रहेका छन् । मार्क्सवाद एउटा विज्ञान हो । दर्शन, आर्थिक सिद्धान्त र समाजवादी सिद्धान्त यसका प्रमुख विषयवस्तु हुन् । मार्क्सवादको विचार धारात्मक स्रोतहरु दर्शनको क्षेत्रमा जर्मन शास्त्रीय दर्शन, आर्थिक सिद्धान्तको क्षेत्रमा शास्त्रीय पुँजीवादी, राजनीतिक अर्थशास्त्र र समाजवादको क्षेत्रमा उन्नाइसौं शताब्दीको काल्पनिक समाजवाद । पहिलेका सिद्धान्तहरुमा रहेका सकारात्मक पक्षहरुलाई नयाँ आधारमा विकसित गरी प्रतिपादन गरिएको विश्वदृष्टिकोण हो मार्क्सवाद । यसको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो । हामी जसलाई ऐतिहासिक भौतिकवाद भन्छौं, त्यो इतिहासको क्षेत्रमा, मानव जातिको ऐतिहासिक विकासमा द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरुको प्रयोग हो र यो एक मार्क्सवादी समाजशास्त्र पनि हो । मार्क्सवाद एउटा अर्थशास्त्र र आर्थिक सिद्धान्त हो, यस सिद्धान्तको आधारशिला अतिरिक्त मूल्यको सिद्धान्त हो । मार्क्सवाद समाजवादसम्बन्धी एउटा सिद्धान्त हो, जसलाई वैज्ञानिक समाजवाद भनिन्छ । मार्क्सवाद एक राजनीतिक सिद्धान्त हो जसको मुख्य तत्व हो वर्गसंघर्षको सिद्धान्त । दर्शन, अर्थशास्त्र र समाजवाद मार्क्सवादका तीन प्रमुख घटक हुन् । त्यसका अभिन्न अंग हुन् । समाजवादलाई एउटा कल्पनाबाट विज्ञानमा फेर्ने काम जुन मार्क्स र एंगेल्सले गरे त्यो वास्तवमा मानव जातिप्रतिको उनीहरुको महानतम योगदान थियो । १९ औं शताब्दीको पाँचौं दशकमा प्रतिपादित यस सिद्धान्तले अहिलेसम्म अनेकौं चरण पार गरिसकेको छ । मार्क्सवादलाई सर्वप्रथम प्रयोगमा उतार्ने व्यक्ति लेनिन हुन् । उनीपछि माओ, होचिमिन्ह, फिडेल क्यास्ट्रो, ह्युगो चाभेज लगायत धेरैले मार्क्सवादलाई व्यवहारमा उतारे । सोभियत संघको पतनपछि मार्क्सवादको उपयोगिता सकियो भनेर प्रचार गरियो जुन गलत छ । संसारको क्रान्तिकारी रुपान्तरण गर्ने अर्थात् शोषण व्यवस्थाको लासमा वर्गहीन कम्युनिस्ट शासनको निर्माण गर्ने विश्व सर्वहारा वर्गको महान् लक्ष्यका लागि चलाइने संघर्षको अचुक हतियारका रुपमा यसको स्थितिको प्रमाणीकरण भइसकेको छ । भइरहेको छ । मार्च १८, १८८३ मा मार्क्सको देहान्त भयो । मार्क्स अझै आन्दोलनमा, आलेखमा विचार र बहसमा बाँचिरहेकै छन् । मार्क्सले वर्ग र राज्यको 'विलोप' हुन्छ भनेका छन् । यसमा भने सबै मार्क्सवादीहरु सहमत छैनन् । स्वयं मार्क्सले भने आफू मार्क्सवादी नभएको बताएका छन् ।